‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरुले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २०८ ★ ने. सं. ११४६ गुँला थ्व, सप्तमी ★ बुधबार ★ ३ भदौ, २०८३ ★ August 19, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८



संयुक्त अधिराज्य (बेलायत) को राजधानी लन्डनको मध्य भागमा अवस्थित ट्राफाल्गर स्क्वायरमा क्याम्ब्रिज विश्वविद्यालयका प्रोफेसर जेसन अरडेको निम्ति न्यायको माग गर्दै र जातिवाद र साम्राज्यवादको विरोधमा प्रदर्शन गर्दै अगस्ट १७, २०२६ को दिन । जातिवादीहरूले क्याम्ब्रिजका प्रतिभाशाली प्रोफेसर ४१ वर्षीय अरडेमाथि प्राज्ञिक चोरी र व्यक्तिगत जीवनमा चरित्रहीनताको आरोप लगाएर निकालिएपछि अगस्ट १४, २०२६ को दिन उनी आफ्नै निवासमा मृत भेटिएका थिए ।

*तस्बिर : कार्लोस लास्सो/एएफपी*

# बन्द भएका उद्योगहरू सञ्चालन हुनुपर्छ

काठमाडौं, २ भदौ । नयाँ सरकार गठनको लागि देशको सम्पत्ति ध्वस्त गर्नु राम्रो सङ्केत हुँदै होइन । के नयाँ सरकार गठन गर्न देश ध्वस्त गर्नुपर्छ ? नयाँ सरकार गठन गर्न अन्तर्राष्ट्रिय या विदेशी सङ्घ संस्थामा अध्यक्ष, सदस्य बन्नैपर्छ र ? विदेशी सङ्घ संस्थामा आबद्ध व्यक्तिहरू आज कुनै मन्त्री बनेका छन्, कुनै सांसद त कुनै वरिष्ठ डाक्टर बनेका छन् । जेनजी आन्दोलनमा संलग्न व्यक्तिहरू नै आज सरकारको नेतृत्व तहमा छन् । जेनजी आन्दोलनमा लागेका युवा विद्यार्थीहरूमा साँच्चै परिवर्तनको चाहना होला; इमानदारीपूर्वक आन्दोलनमा लागेको होला । तर, आन्दोलनका सबै अगुवा या नेतृत्व गर्नेहरूमा साँच्चै देशमा आमूल परिवर्तनको चाहना देखिँदैन । जेनजी आन्दोलनका एक थरी अगुवाहरू यो सरकारको विरोधमा छन् । उनीहरू जेनजी आन्दोलनको मर्मअनुसार सरकारले काम नगरेको बताउँछन् ।

युवाहरूको नेतृत्वमा बनेको सरकारले देश र जनताको लागि के गर्‍यो ? अहिले देशको अर्थतन्त्र सुस्त छ । अर्थतन्त्र सुस्त भएकोले आन्तरिक बजार चलायमान भएन । यसको कारण लगानी बढ्न सकेको छैन । स्वदेशी लगानीकर्तामा अन्योल र अविश्वास बढाएको छ । व्यवसायीहरू सरकारको नीति कस्तो हुन्छ, ‘पर्ख र हेर’ को अवस्थामा छन् । कुनै उद्योगधन्दामा लगानी गरे उत्पादन हुन नपाउँदै केही होला कि भन्ने डर उनीहरूमा छ । उद्योग सञ्चालन गरेर डुब्ला कि भन्ने चिन्तालाई राज्यले मेट्न सकेको छैन । आफ्नो उद्योग र लगानी सुरक्षित होला कि नहोला भन्ने चिन्ता रहेसम्म देशमा चाहेर पनि उद्योग, कारखानामा लगानी गर्न उद्योगी व्यापारीहरू डराउँछन् । भदौ २३ र २४ गतेको तोडफोड र आगजनीले उनीहरू त्रसित छन्; त्यो दिन फेरि दोहोरिने हो कि भनी उद्योग व्यवसायीहरू चिन्तित छन् ।

देशको एक ठुलो जनशक्ति युवा जनशक्ति हो । सरकारले युवा जनशक्तिलाई उपयोग गर्न सकेको छैन; काममामको व्यवस्था गर्न सकेको छैन । काममामको खोजीमा नेपाली युवाहरू हरेक दिन विदेश पसिरहेका छन् । युवाहरूको विदेश पलायनले देशमा आवश्यक जनशक्ति तयार हुँदैन । नयाँ शक्ति तयार हुँदैन; भएको जनशक्तिलाई प्रयोग गरिँदैन भने देश कसरी बन्छ ? स्वदेशमा रोजगारी र अवसरको अभावकै कारण लाखौं युवाहरू बिदेसिएका हुन् । विदेश पसेका युवाहरूबाट प्राप्त हुने रेमिट्यान्सबाट सरकार चलिरहेको छ भनी सरकार ढुक्क छ । उत्पादनशील क्षेत्रमा लगानीको कमीले देशको अर्थतन्त्र कमजोर भएकोमा शङ्का छैन । यही कारण आधारभूत आवश्यकता पूर्ति गर्न नसकेको हो । देशको अर्थतन्त्र आयातमुखी छ । स्वदेशी उत्पादन बढाउनेतर्फ सरकारको ध्यान पुगेकै छैन । देशमा एक समय चलेका दर्जनौं उद्योगहरू अहिले पनि बन्द छन् । देशका उद्योग तथा कारखाना बन्द भएपछि जनताको आवश्यकता कसरी पूरा हुन्छ ?

देशका उद्योगी व्यवसायीहरूको माग नै लगानीको वातावरण बनाइनुपर्छ भन्ने हो । लगानीको वातावरण र सुरक्षा सुनिश्चित नभएको कारण उद्योगधन्दा नखोलिएको हो कि भन्ने स्वयम् उद्योगीहरूको तर्क रहेको छ । एकातिर सरकारको दृष्टिकोण नै स्पष्ट हुँदैन । यो झन्डै दुईतिहाइ प्राप्त युवाहरूको सरकार हो, कसैले हल्लाउन सक्दैन भनेर मनपरी निर्णय गरेमा, दबाएमा त्यसको परिणाम राम्रो हुनेछैन । सरकारको कमी कमजोरीको भागिदार व्यवसायीको टाउकोमा थोपर्नु उचित हुँदैन । हाल बन्द भएका उद्योगहरू पुनः सञ्चालन गर्न राज्यले पहल गर्नुपर्छ । नेपालले आयात बढी गरेर देशको अर्थतन्त्र बलियो बनाउन सक्दैन । हामीले स्वदेशमै उत्पादन बढाउनुपर्छ । नेपाली वस्तु तथा सेवाको प्रतिस्पर्धामा क्षमता बढाउनुपर्छ । अनि मात्र रोजगारी सिर्जना गर्न सकिन्छ; उत्पादन वृद्धि गरेर आर्थिक उपार्जन गर्न सकिन्छ । नत्र देश जसको नेतृत्वमा सरकार आए पनि जहिल्यै परनिर्भर भइरहनेछ । देश अरुको भरमा बसिरहनुपर्ने हुन्छ ।

सत्तारुढ दलका नेता र मन्त्रीहरू दूरदर्शी हुनुपर्छ । सरकारको दृष्टिकोण व्यापक हुनुपर्छ । देश सञ्चालकहरू

**बाँकी पृष्ठ ८ मा**

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- राजा महाराजा र तिनका परिवारका सदस्यहरू, राणा शासक ‘श्री ३’ हरू र तिनका परिवारजन, पञ्चायती सरकार र बहुदलीय व्यवस्था पुनःस्थापना भएयता सरकारमा प्रधानमन्त्री र मन्त्रीहरू, उच्चपदस्थ अधिकारीहरू रुघाखोकी र सामान्य ज्वरोसमेतमा दिल्ली, सिङ्गापुर, युरोप र अमेरिका पुगेर उपचार गर्थे । सर्वसाधारण नेपालीमध्ये आधाभन्दा बढीलाई रुघाखोकी ज्वरो हुन्छ । यतिबेला रास्वपाका एकमन्त्रीलाई बैतडी पुग्दा ज्वरो, घाँटी दुख्ने र कमजोरी महसुस भयो र सेनाको हेलिकप्टरमा धनगढी पुर्‍याइयो । धनगढीबाट काठमाडौँ सैनिक अस्पताल छाउनीमा पुर्‍याइयो । तर, सेनाकै स्काई ट्रकबाट सोही दिन मन्त्रीलाई डिस्चार्ज पनि गरियो । यसले मन्त्री गम्भीर बिरामी नभएको पुष्टि भयो ।
- यसबारे रत्ना शर्माले सामाजिक सञ्जालमा व्यङ्ग्य गरे- “पहिरोमा परेका र दुर्घटनामा अड्किएका नेपालीलाई ड्रोनले बचाउने होला ?” गएको असार १६ गते बझाङमा एक गर्भवती महिलाको स्वास्थ्य संस्था जान हिँड्दै डाँडा-सडकमै बच्चा जन्मिएको र सडकमै मृत्यु भएको रास्वपा सरकार र सेनालाई कसरी थाहा भएन ? के सरकारको उपस्थिति यही हो ?
- नेपालमा क्षयरोगको कारण दैनिक ४४ जना बिरामीको मृत्यु भइरहेको सार्वजनिक भयो । ३५ प्रतिशत बिरामीले उपचार खर्च जुटाउन ऋण लिनु

**बाँकी पृष्ठ ८ मा**

# प्यालेस्टिनी नागरिकको सुरक्षाका लागि राष्ट्रसङ्घको आह्वान

न्युयोर्क, २ भदौ (क्युएनए) । संयुक्त राष्ट्रसङ्घले इजरायल-प्यालेस्टिन द्वन्द्वका क्रममा प्यालेस्टिनी नागरिकको सुरक्षा, घर तथा सम्पत्तिको संरक्षण र अत्यावश्यक सेवामा उनीहरूको पहुँच सुनिश्चित गर्न आह्वान गरेको छ । वेस्ट बैङ्कमा बढ्दो तनाव तथा आक्रमण र गाजापट्टीमा जारी इजरायली हवाई आक्रमण, गोलाबारी र गोली हानाहानबिच राष्ट्रसङ्घले नागरिकको अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गरेको हो ।

संयुक्त राष्ट्रसङ्घका महासचिवका प्रवक्ता स्टेफन डुजारिकले मानवीय सहयोगमा संलग्न टोलीले उत्तरी वेस्ट बैङ्कको कुसरा गाउँमा पुगेर प्रभावित परिवारलाई सहयोग उपलब्ध गराएको बताउनुभयो । इजरायली बस्तीको चौकी स्थापना भएपछि तथा कडा आवागमन प्रतिबन्ध लगाइएपछि केही प्यालेस्टिनी परिवार आफ्नै घर वरपर फसेको उहाँले बताउनुभएको हो ।

**बाँकी पृष्ठ ८ मा**



**व्यङ्ग्यचित्रको कुनो**



# ख्वप बहुप्राविधिक अध्ययन संस्थानका नर्सिङ विद्यार्थीहरूको भक्तपुर नगरपालिकामा अध्ययन भ्रमण



भक्तपुर, २ भदौ । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानको नर्सिङ विभागमा पहिलो वर्षमा अध्ययनरत विद्यार्थीहरूले मङ्गलबार भक्तपुर नगरपालिकाको अध्ययन भ्रमण गरेका छन् ।

समुदाय अध्ययनको सिलसिलामा गरिएको उक्त भ्रमणको क्रममा विद्यार्थीहरूले भक्तपुर नगरपालिकाको उद्देश्य, कार्यक्षेत्र तथा नगरपालिकाबाट सञ्चालित विभिन्न कार्यक्रमबारे जानकारी लिएका थिए ।

विशेष गरी नगरपालिकाले सञ्चालन गर्दै आएको फोहोरमैला व्यवस्थापन तथा स्वास्थ्यसम्बन्धी कार्यक्रमका बारेमा विद्यार्थीहरूले विस्तृत जानकारी हासिल गरेका थिए ।

भ्रमणको क्रममा विद्यार्थीहरूले भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीसँग साक्षात्कार तथा अन्तरक्रिया गरेका थिए ।

# बीपी राजमार्ग चौडा पार्न डीपीआर तयार

काभ्रेपलाञ्चोक, २ भदौ । बिपी राजमार्गको प्रवेशबिन्दु काभ्रेपलाञ्चोकको धुलिखेलदेखि नमोबुद्धको दाप्चा पुलसम्मको सडक चौडा पारिने भएको छ ।

योजनाअनुसार उक्त सडकखण्डमा १० मिटर बराबरको मुख्य कालोपत्रे भाग बनाइने डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ ।

हाल मुख्य कालोपत्र भएको सडकको चौडाइ औसतमा पाँच दशमलव पाँच मिटर छ । चौडा पारिने सडकको लम्बाइ करिब २० किलोमिटर रहेको कार्यालयले जनाएको छ ।

सडक चौडा पार्न विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले जानकारी दिनुभयो । उहाँका अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार पार्ने काम भइरहेको छ ।

डिपिआरअनुसार सडक विस्तारमा रु. तीन अर्ब ७९ करोड ७८ लाख खर्च हुने अनुमान गरिएको छ । सडक कालोपत्र गर्न प्रतिकिलोमिटर रु. १८ करोड पाँच लाख खर्च हुने अनुमान गरिएको कार्यालयले जनाएको छ ।

सडकको दायाँबायाँ १५ मिटरसम्म बनेका संरचना तथा जग्गाको मुआब्जा वितरण भइसकेको योगेशले बताउनुभयो । विस्तार गरिने सडकखण्ड धुलिखेल, पाँचखाल, पनौती र नमोबुद्ध नगरपालिकामा पर्छ ।

विसं २०८१ असोजमा आएको बाढीपहिरोले बिपी राजमार्गअन्तर्गत भकुन्डेबेँसीदेखि नेपालथोकसम्म करिब ३० किलोमिटर सडकमा क्षति पुऱ्याएको थियो । रोशी खोलामा अस्थायी डाइभर्सन निर्माण गरी यातायात सञ्चालन गरिँदै आएकामा हाल क्षतिग्रस्त क्षेत्रमा स्थायी पुनर्निर्माणको काम भइरहेको कार्यालयले जनाएको छ ।

क्षतिग्रस्त राजमार्गको पुनर्निर्माणका लागि काभ्रेपलाञ्चोकतर्फ तीन र सिन्धुलीतर्फ एक गरी चार प्याकेज बनाएर ठेक्का सम्झौता भई काम अघि बढाइएको छ ।

काभ्रेपलाञ्चोकतर्फका तीन सडकखण्डका लागि रु. सात अर्ब ५० करोड र सिन्धुलीतर्फको एक सडकखण्डका लागि रु. एक अर्ब बराबरको स्रोत सुनिश्चित गरिएको कार्यालयले जनाएको छ ।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ देखि बिपी राजमार्ग (धुलिखेल–सिन्धुली–बर्दिबास) निर्माण सुरु गरिएको थियो । एक सय ६० किलोमिटर लामो उक्त राजमार्ग निर्माण सम्पन्न भएपछि विसं २०७२ असार १८ गते जापान सरकारले नेपाल सरकारलाई औपचारिक रूपमा हस्तान्तरण गरेको थियो । *(रासस)*

# ग्यास अभावले उपभोक्ता मारमा

**– रितु बाटी, प्रशिक्षार्थी**

काठमाडौँमा खाना पकाउने ग्यासको पर्याप्त आपूर्ति नहुँदा उपभोक्ताले सास्ती खेप्नुपरेको छ । ग्यास लिन बिहानैदेखि बिक्री केन्द्रमा पुगेका उपभोक्ता लामो समयसम्म लाइनमा बस्न बाध्य छन् । कतिपय उपभोक्ता घण्टौँ कुर्दा पनि ग्यास नपाई खाली सिलिन्डर बोकेर फर्किनुपर्ने अवस्था रहेको बताउँछन् ।

ग्यासको अभावसँगै बिक्री केन्द्रमा उपभोक्ताबिच पनि पालोको विषयलाई लिएर असन्तुष्टि बढेको छ । केही उपभोक्ताले पहिले नै आफ्नो नाम दर्ता नगराएर ग्यास माग गरेका छन् भने केही प्रत्यक्ष रूपमा बिक्री केन्द्रमा पुगेर लाइनमा बसेका छन् । नाम दर्ता गरेका उपभोक्तालाई प्राथमिकता दिँदा प्रत्यक्ष लाइनमा बसेकाहरूको पालो पछाडि पर्ने गरेको उनीहरूको गुनासो छ ।

बिक्री केन्द्रका सञ्चालकहरू भने आफूहरूले मनपरी रूपमा ग्यास वितरण नगरेको बताउँछन् । उनीहरूका अनुसार ग्यासको माग धेरै भए पनि आपूर्ति सोहीअनुसार हुन नसक्दा समस्या बढेको हो । सीमित मात्रामा ग्यास आउने भएकाले पहिले नै नाम दर्ता गराएका उपभोक्तालाई उनीहरूको पालोअनुसार ग्यास उपलब्ध गराउनुपर्ने बाध्यता रहेको सञ्चालकहरूको भनाइ छ । प्रत्यक्ष लाइनमा बसेका उपभोक्तालाई पनि ग्यास दिन चाहँदा चाहँदै पर्याप्त सिलिन्डर नहुँदा सबैको माग पूरा गर्न नसकिएको उनीहरू बताउँछन् ।

"हामी बिहानैदेखि सिलिन्डर बोकेर लाइनमा बसेका छौँ । तर, पहिले नै नाम दर्ता गरेका मानिसलाई ग्यास दिइसकेपछि हाम्रो पालो आउँदैन । घरमा खाना पकाउन ग्यास चाहिएको हो, त्यसैले घण्टौँ कुरेर बसेका छौँ । अन्तिममा ग्यास नपाई खाली सिलिन्डर लिएर फर्किनुपर्ने अवस्था नहोस्," प्रत्यक्ष लाइनमा बसेका एक उपभोक्ताले गुनासो गरे ।

ती उपभोक्ताका अनुसार नाम दर्ता गर्ने व्यवस्था भए पनि प्रत्यक्ष रूपमा बिक्री केन्द्रमा पुगेर लाइनमा बस्ने उपभोक्ताको समस्यालाई पनि समान रूपमा सम्बोधन गर्नुपर्छ । "नाम दर्ता गरेकै आधारमा सबै ग्यास पहिले उनीहरूलाई दिइने हो भने हामी लाइनमा बस्नुको अर्थ के भयो ?" उनले प्रश्न गरे ।

यता, बिक्री केन्द्रका सञ्चालकले भने आफूहरूले उपलब्ध ग्यासलाई मागअनुसार व्यवस्थापन गरेर वितरण गरिरहेको बताएका छन् । उनका अनुसार आपूर्ति पर्याप्त नहुँदा एउटै बिक्री केन्द्रमा धेरै उपभोक्ता जम्मा हुने गरेका छन् । आपूर्ति नियमित र पर्याप्त भएमा नाम दर्ता गरेका तथा प्रत्यक्ष लाइनमा बसेका दुवै पक्षलाई सहज रूपमा ग्यास उपलब्ध गराउन सकिने उनीहरूको भनाइ छ ।

उपभोक्ताले ग्यास वितरणमा स्पष्ट र न्यायोचित पालो व्यवस्था गर्न, पर्याप्त आपूर्ति सुनिश्चित गर्न तथा नाम दर्ता र प्रत्यक्ष लाइनमा बसेका दुवै समूहका उपभोक्तालाई समान रूपमा ग्यास उपलब्ध गराउन माग गरेका छन् । सम्बन्धित निकायले आपूर्ति व्यवस्थापनमा तत्काल ध्यान दिनुपर्ने उनीहरूको भनाइ छ ।

# विद्यालयमा डिजिटल शिक्षण प्रणाली लागू

**– इच्छा गुरुवाचार्य, प्रशिक्षार्थी**

काठमाडौँ, २ भदौ । पछिल्लो समय शिक्षामा प्रविधिको प्रयोग बढ्दै गएको छ । विद्यार्थीलाई समयअनुसारको शिक्षा दिन सरकारले विद्यालयमा डिजिटल शिक्षण प्रणालीको प्रयोगलाई प्राथमिकता दिएको छ ।

सरकारले विद्यालयमा कम्प्युटर, इन्टरनेट तथा अन्य सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने योजना बनाएको छ । शिक्षा क्षेत्रको योजनामा शिक्षकलाई डिजिटल प्रविधिको प्रयोगसम्बन्धी तालिम दिने र विद्यार्थीका लागि डिजिटल शैक्षिक सामग्री तयार गर्ने कुरा पनि उल्लेख गरिएको छ । यसले विद्यालयमा उपस्थित भएर मात्र नभई आवश्यक परेको समयमा डिजिटल माध्यमबाट पनि अध्ययन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

डिजिटल लर्निङ पोर्टलमार्फत विद्यालयमा भर्चुअल शिक्षण प्रणालीको प्रयोग बढाएर प्रविधिमैत्री शिक्षण सिकाइलाई अगाडि बढाउने तयारी गरिएको छ ।

तर, सबै विद्यालयमा इन्टरनेट, विद्युत् तथा आवश्यक डिजिटल उपकरणको समान तरिकामा नपुग्ने चुनौतीको रूपमा रहेको छ । त्यसैले डिजिटल शिक्षण प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक पूर्वाधार र शिक्षकलाई प्रविधिसम्बन्धी तालिम दिन ध्यान दिनुपर्ने देखिन्छ ।

विद्यालय शिक्षामा डिजिटल प्रविधिको प्रयोग विस्तार हुँदै जाँदा विद्यार्थीले नयाँ तरिकाबाट सिक्ने अवसर पाउनेछन् । सरकारले अघि सारेको डिजिटल लर्निङ पोर्टल र भर्चुअल शिक्षणको योजनाले नेपालको शिक्षा प्रणालीलाई थप प्रविधिमैत्री बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# सुरक्षित मातृत्वमा फड्को मार्दै नरैनापुर

राँझा (बाँके), २ भदौ । बाँकेको दुर्गम क्षेत्रका रूपमा रहेको नरैनापुर गाउँपालिकाले सुरक्षित मातृत्वको क्षेत्रमा सकारात्मक परिवर्तन गरेको छ ।

नरैनापुरमा अहिले घरमै सुत्केरी गराउने प्रवृत्ति घट्दै गएको छ । वडास्तरमा गाउँमै प्रसूति सेवा केन्द्र सञ्चालनमा आएपछि घरमै सुत्केरी गराउने पुरानो परम्परामा परिवर्तन आएको नरैनापुर गाउँपालिका स्वास्थ्य शाखा प्रमुख नगेन्द्रकुमार शाहले बताउनुभयो ।

"विगतमा घरमै सुत्केरी गराउँदा धेरै आमा र नवजात शिशुको स्वास्थ्य जोखिममा पर्ने गरेको थियो, तर अहिले बाँकेको दुर्गम नरैनापुर गाउँपालिकामा त्यो तस्बिर बदलिएको छ", शाहले भन्नुभयो, "घरमै सुत्केरी गराउने प्रवृत्ति घट्दै गएको छ, वडा–वडामा सञ्चालनमा रहेका बर्थिङ सेन्टर सुरक्षित मातृत्वका भरपर्दा केन्द्रका रूपमा स्थापित हुँदै गएका छन् ।"

उहाँका अनुसार, आर्थिक वर्ष २०८२/८३ मा नरैनापुर गाउँपालिकाका विभिन्न प्रसूति सेवा केन्द्रबाट एक हजार १५१ जना महिलाले सुरक्षित प्रसूति सेवा लिएका छन् । संस्थागत सुत्केरीको सङ्ख्या निरन्तर बढ्दै जानु सुरक्षित मातृत्वप्रतिको चेतना र स्थानीय सरकारले गरेको लगानीको प्रतिफल हो ।

पहिले घरमै सुत्केरी गराउने वा अन्तिम अवस्थासम्म स्वास्थ्य संस्थामा नआउने महिलासमेत अहिले नियमित गर्भ परीक्षणदेखि सुत्केरीसम्म बर्थिङ सेन्टरमै आउने गरेका छन् । वडा नम्बर १ देखि ६ सम्म चौबीसै घण्टा तालिमप्राप्त स्वास्थ्यकर्मीबाट प्रसूति सेवा सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो । गर्भवतीलाई स्वास्थ्य संस्थासम्म ल्याउन निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिएकाले दुर्गम बस्तीका महिलाले पनि सहज रूपमा सेवा लिन थालेका छन् ।

गत आर्थिक वर्षमा वडा नम्बर १ कटकुईंयामा १८६, वडा नम्बर २ कालाफाँटामा १७४, वडा नम्बर ३ नरैनापुरमा १०१, वडा नम्बर ४ लक्ष्मणपुरमा २५४, वडा नम्बर ५ मटेहियामा २८६ र वडा नम्बर ६ गङ्गापुरमा १५३ जना महिलाले सुरक्षित प्रसूति सेवा लिएका छन् । जटिल अवस्था देखिएमा तत्काल भेरी अस्पतालमा निःशुल्क रेफर गर्ने तथा ल्याउने–लैजाने व्यवस्था गाउँपालिकाले मिलाएको स्वास्थ्य शाखा प्रमुख शाहले बताउनुभयो ।

वडा नम्बर १ कटकुईंया स्वास्थ्यचौकीमा कार्यरत अनमी सामना गुरुङले नरैनापुरमा पछिल्ला वर्षहरूमा सबैभन्दा ठूलो परिवर्तन महिलाको सोचमा आएको बताउनुभयो । उहाँले भन्नुभयो, "पहिले धेरैजसो गर्भवतीले घरमै सुत्केरी गराउने योजना बनाउनुहुन्थ्यो । अस्पताल आउन डराउने, खर्च धेरै लाग्छ भन्ने सोच्ने र अन्तिम समयमा मात्रै ल्याइने अवस्था थियो । अहिले भने गर्भ रहेदेखि नै नियमित जाँचका लागि स्वास्थ्य संस्थामा आउने, सुत्केरी हुने मिति नजिकिँदै जाँदा आफैँ बर्थिङ सेन्टरमा सम्पर्क गर्ने र सुरक्षित रूपमा स्वास्थ्य संस्थामै सुत्केरी गराउने चलन बढेको छ ।"

उहाँका अनुसार, स्वास्थ्यकर्मीले गाउँगाउँमा पुगेर गरेको परामर्श, महिला स्वास्थ्य स्वयंसेविकाको सक्रियता, परिवारको बढ्दो साथ र गाउँपालिकाले उपलब्ध गराएको निःशुल्क एम्बुलेन्स सेवाले समुदायको सोच परिवर्तन गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

"सुत्केरी भनेको सामान्य घटनाजस्तो देखिए पनि कुनै पनि बेला जटिल अवस्था आउन सक्छ । त्यसैले प्रशिक्षित स्वास्थ्यकर्मीको निगरानीमा हुने प्रसूति नै आमा र शिशु दुवैका लागि सुरक्षित हुन्छ । अहिले हामीले आमाहरूको आत्मविश्वास बढेको देखेका छौँ । कतिपय महिलाले छिमेकी र आफन्तलाई पनि घरमा होइन, बर्थिङ सेन्टरमै सुत्केरी गराउन प्रेरित गरिरहनुभएको छ । यो परिवर्तन हाम्रो लागि सबैभन्दा ठूलो उपलब्धि हो," अनमी गुरुङले भन्नुभयो ।

उहाँले अझै पनि दुर्गम बस्तीका केही परिवारमा पुरानो मान्यता बाँकी रहेपनि स्वास्थ्य संस्थाबाट सुरक्षित प्रसूति गराउँदा आमा र नवजात शिशुको ज्यान जोगिनुका साथै आकस्मिक जटिलताको तत्काल उपचार सम्भव हुने भएकाले सबै गर्भवती महिलालाई संस्थागत सुत्केरी रोज्न आग्रह गर्नुभयो । कुनै समय स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेको नरैनापुर अहिले सुरक्षित मातृत्वको क्षेत्रमा उदाहरणीय परिवर्तनतर्फ अघि बढिरहेको नरैनापुर गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहले बताउनुभयो । स्थानीय सरकारको प्रतिबद्धता, स्वास्थ्यकर्मीको समर्पण र समुदायमा बढ्दो जनचेतनाले जोखिमपूर्ण घरायसी सुत्केरीलाई क्रमशः सुरक्षित संस्थागत सुत्केरीमा रूपान्तरण गरिरहेको उहाँको भनाइ छ ।

# चापाकल खरिदमा अनियमितता गरेको आरोपमा ११ जनाविरुद्ध मुद्दा

काठमाडौँ, २ भदौ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महोत्तरीको औरही नगरपालिकामा चापाकल खरिद तथा वितरणमा अनियमितता गरेको आरोपमा तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृतसहित ११ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आर्थिक वर्ष २०७९/८० मा नगरपालिकाले हयाण्डपम्प तथा ट्युबवेल (चापाकल) खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीविपरीत लागत अनुमान तयार गरी खरिद प्रक्रियालाई विभाजन गरेर प्रतिस्पर्धा सीमित गरेको पाइएको आयोगले जनाएको छ । एउटै वस्तुको खरिदलाई पटकपटक विभाजन गरी आपूर्तिकर्तासँग मिलेमतो गरी भुक्तानी दिइएको आयोगको अनुसन्धानबाट खुलेको जनाएको छ ।

आयोगले तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत नीलाम्बर मिश्र मैथली र तत्कालीन लेखापाल विजयकुमार यादवविरुद्ध जनही रु. ३६ लाख १३ हजार ३१ बराबरको बिगो माग दाबी गरिएको छ ।

यस्तै, तत्कालीन इन्जिनियर सन्तोषकुमार यादव र तत्कालीन सब–इन्जिनियर विपिनकुमार मण्डलविरुद्ध जनही रु. २० लाख ४९ हजार ४५० तथा तत्कालीन जिन्सी शाखा प्रमुख शिवशङ्कर यादवविरुद्ध रु. १५ लाख ६३ हजार ५८१ बिगो कायम गरी आरोपपत्र दायर गरेको छ । त्यस्तै, तत्कालीन योजना शाखा प्रमुख गङ्गाराम यादवविरुद्ध रु. ३६ लाख १३ हजार ३१ बिगो कायम गरिएको छ ।

आयोगले अनियमिततामा संलग्न रहेको आरोपमा विभिन्न आपूर्तिकर्ता तथा सञ्चालकविरुद्ध पनि बिगो र सोहीअनुसारको सजाय मागदाबी गरेको छ । लीला आयरन स्टोर्सका प्रोप्राइटर विनयकुमार यादवविरुद्ध रु. पाँच लाख ३४ हजार ८७६, डिएम जेनरल अर्डर सप्लायर्सका प्रोप्राइटर दूधनाथ कुमरविरुद्ध रु. ११ लाख ८९ हजार ४७१ बिगो माग दाबी गरिएको छ ।

# बाँदरको उपद्रोले किसान हैरान, अन्नबाली जोगाउनै मुस्किल

भोजपुर, २ भदौ । भोजपुरमा बाँदरको बढ्दो उपद्रोले किसानको वर्षभरको मेहनत जोखिममा परेको छ । मकैलगायतका अन्नबाली पाक्ने समयमा खेतबारीमा बाँदरको झुण्ड पसेर बालीनाली नष्ट गर्न थालेपछि किसानलाई अन्नबाली जोगाउन मुस्किल भएको हो ।

विशेषगरी अहिले मकै पाक्ने समय भएकाले जिल्लाका विभिन्न क्षेत्रमा बाँदरको आतङ्क बढेको किसानको भनाइ छ । विशेषगरी तल्लो भेग तथा वनजङ्गल आसपासका बस्तीमा बाँदरको उपद्रो बढी देखिएपछि किसानलाई अन्नबाली जोगाउन समस्या भएको छ ।

भोजपुरका नौवटै स्थानीय तहका अधिकांश भू-भागमा बाँदरको समस्या देखिएको छ । मकै पाक्ने समयमा खेतबारीमा बाँदरको हुल पस्ने र केही समयमै अन्नबाली सखाप बनाउने गरेको किसानको दुखेसो छ ।

भोजपुर नगरपालिका-४ का स्थानीय कुमार राउतले बाँदर नियन्त्रणका लागि तत्कालीनसँगै दीर्घकालीन उपाय खोज्नुपर्ने बताउनुभयो । "वर्षभरि मेहनत गरेर लगाएको बाली पाक्ने बेलामा बाँदरले नष्ट गरिदिन्छन्", उहाँले भन्नुभयो, "खेतबारीमा गएर दिनभरि कुर्नुपर्ने अवस्था छ । यसको दीर्घकालीन समाधानका लागि सरकारले प्रभावकारी योजना ल्याउनुपर्छ ।"

बाँदरले मकैबालीसँगै तरकारी तथा बगैँचाका फलफूलमा क्षति पुऱ्याउन थालेपछि किसान थप समस्यामा परेका छन् । बालीनाली जोगाउन किसानले खेतबारीमा स-साना टहरा बनाएर नियमित रूपमा निगरानी गर्ने गरेका छन् । परिवारका दुईदेखि तीन जनासम्म दैनिक रूपमा खेतबारीमा खटिएर बाँदर धपाउनुपर्ने अवस्था रहेको किसानको भनाइ छ ।

डिभिजन वन कार्यालय भोजपुरका प्रमुख खुदुस मियाँले किसानको मागका आधारमा स्थानीय तह तथा किसानलाई बाँदर धपाउने यन्त्र वितरण गरिएको बताउनुभयो । "बाँदरको समस्या धेरै ठाउँमा देखिएको छ", प्रमुख मियाले भन्नुभयो, "तत्कालका लागि बाँदर धपाउने यन्त्र वितरणलगायत उपाय अपनाइएको छ । तर समस्या दीर्घकालीन रूपमा समाधान गर्न थप प्रभावकारी उपाय अवलम्बन गर्नु आवश्यक छ ।"

बाँदरको बढ्दो उपद्रोका कारण कतिपय स्थानीयले अन्नबाली जोगाउन नसकेर बस्ती नै छाड्नुपर्ने अवस्था आएको स्थानीय किसान बताउँछन् । खेतीपातीमा निर्भर परिवारलाई बाँदरको समस्या आर्थिकसँगै सामाजिक चुनौतीसमेत बन्दै गएको उनीहरूको भनाइ छ ।

किसानले बाँदर नियन्त्रणका लागि स्थानीय तह र सम्बन्धित निकायले समन्वय गरेर दीर्घकालीन योजना बनाउन माग गरेका छन् । अन्नबाली तथा फलफूलमा हुने क्षति न्यूनीकरणसँगै किसानको जीविकोपार्जन सुरक्षित गर्न राज्यले समस्या समाधानमा गम्भीर बन्नुपर्ने उनीहरूको भनाइ छ । *(रासस)*

# बाढी, पहिरोका कारण म्याग्दीका जलविद्युत् आयोजनाको निर्माण प्रभावित

म्याग्दी, २ भदौ । बाढी, पहिरोका कारण म्याग्दी जिल्लामा सञ्चालित जलविद्युत् आयोजनाको निर्माण कार्य प्रभावित भएको छ । यस्तै, २० मेगावाट क्षमताका दुई आयोजना बन्द भएका छन् ।

सडकमार्गको असहजताका कारण निर्माण सामग्री, उपकरण र इन्धन ढुवानी नहुँदा धवलागिरि गाउँपालिकामा निर्माणाधीन चार वटा जलविद्युत् आयोजना प्रभावित भएका हुन् ।

कुल ५३ दशमलव पाँच मेगावाट क्षमताको अपर म्याग्दी-एक, ३७ मेगावाट क्षमताको माथिल्लो म्याग्दी, ६५ मेगावाटको म्याग्दीखोला, १४ मेगावाटको मुदीखोला र छ दशमलव पाँच मेगावाट क्षमताको दरखोला जलविद्युत् आयोजना निर्माण कार्य प्रभावित भएको छ ।

यसैगरी, अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा निर्माणाधीन नौ दशमलव १४ मेगावाट क्षमताको सुपर घलेम्दी जलविद्युत आयोजना निर्माण स्थल पनि यातायात सम्पर्कविच्छेद भएको छ । नारच्याङको रेलेखर्क क्षेत्रबाट आएको बाढी बाँधमा थुप्रिँदा छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजना गत असार अन्तिम सातादेखि बन्द भएको छ ।

गत साउन २६ गते सुख्खा पहिरोले विद्युत्गृह पुरिएपछि अन्नपूर्ण गाउँपालिका-६ मा रहेको १४ मेगावाट क्षमताको घारखोला जलविद्युत् आयोजनाको पनि विद्युत् उत्पादन ठप्प भएको छ । उक्त पहिरोमा पुरिएर एक जनाको मृत्यु र एक जना घाइते भएका छन् ।

अपर म्याग्दीखोला-१ का आयोजना प्रमुख ज्योतिकुमार केसीले घुमाउने (फापरखेत), बाङ्गेपहिरो, इल्पुमा पहिरो र शिवरात्रि खोलामा बाढी आएपछि गत असार महिनादेखि सिमेन्ट, रडजस्ता निर्माण सामग्रीका साथै उपकरण बोकेका गाडीहरू आयोजना निर्माणस्थलमा पुग्न नसकेका बताउनुभयो ।

"भएका उपकरण र मौजुदा निर्माण सामग्री परिचालन गरेर कामलाई निरन्तरता दिएका छौँ", उहाँले भन्नुभयो, "बाढीपहिरोका कारण निर्माण सामग्री ढुवानी प्रभावित हुँदा अपेक्षाकृत गतिमा काम गर्न सकेका छैन ।"

शिवरात्रिखोलामा पूर्वाधार विकास कार्यालयमार्फत सञ्चालित मोटरेबल पुल निर्माण योजनामा ढिलाइ हुँदा बर्खायाममा सवारीसाधन वारपार गर्न समस्या भएको छ ।

खोलामा बाढीको सतह बढ्ने, पहुँचमार्गमा पहिरो खस्ने समस्याले निर्माण कार्यमा असर परेको म्याग्दीखोला जलविद्युत् आयोजनाका जनसम्पर्क अधिकृत बुद्धिराज अधिकारीले जानकारी दिनुभयो ।

"वैकल्पिक उपाय र मौजुदा सामग्री परिचालन गरेर काम गर्नुपर्दा निर्माणको गतिमा असर परेको छ", उहाँले भन्नुभयो "डोजरको सहायताले सामान ढुवानी गर्ने गाडी तार्ने, पहिरो पन्छाउँदै सवारीसाधन पार गराउँदै गर्नुपर्ने बाध्यता छ ।"

साठी प्रतिशत भौतिक प्रगति भएको ३७ मेगावाटबाट क्षमता बढाएर ४६ दशमलव २५ मेगावाट बनाउने प्रक्रियामा रहेको माथिल्लो म्याग्दी जलविद्युत् आयोजनाले पनि बाढी पहिरोका कारण निर्माण कार्यमा असर परेको जनाएको छ ।

बेनी-दरबाङका साथै दरबाङ-धारापानी-ताकम-मुना सडकमा पर्ने थापाचौर, गौथली, दाचौर भिरको पहिरोका कारण निर्माण सामग्री ढुवानी गर्न नपाएको दरखोला हाइड्रोपावरका अध्यक्ष रेशम भण्डारीले बताउनुभयो । *(रासस)*



**संरक्षणको पर्खाइमा जोडी स्तुप**
गौतम बुद्धले आफ्नो जीवनको २९ वर्ष बिताएको प्राचीन तिलौराकोट दरबारको उतरपश्चिमतर्फ रहेको जोडी स्तुप संरक्षणको पर्खाइमा । एक ठुलो र अर्को केही सानो यी स्तुपहरूलाई शुद्धोधन र मायादेवीको स्तुप मानिएको छ । *तस्बिर: नारद कोहार/रासस*

# जनकवि श्रेष्ठको राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि

काठमाडौँ, २ भदौ । नेपाली र नेपालभाषाका अग्रणी स्रष्टा, जनकवि दुर्गालाल श्रेष्ठको राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि गरिएको छ । बुढानीलकण्ठस्थित निवासमा ९३ वर्षको उमेरमा आइतबार राति निधन हुनुभएका श्रेष्ठको मङ्गलबार साँझ शोभाभगवतीमा अन्त्येष्टि गरिएको हो ।

श्रेष्ठको अन्त्येष्टिमा गृहमन्त्री सुधन गुरुङ, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ, काठमाडौँ महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डङ्गोललगायत विशिष्ट व्यक्तिले अन्तिम श्रद्धाञ्जली अर्पण गर्नुभयो ।

उहाँको पार्थिव शरीरलाई शोभाभगवतीबाट ढल्को, क्षेत्रपाटी, थँहिटी, बाङ्गेमुढा, असन, जनबहाल, किलागल, नरदेवी हुँदै पुनः क्षेत्रपाटी, जोगीपाखा भएर शोभाभगवती लगिएको थियो । सो क्रममा विभिन्न क्षेत्रका विशिष्ट व्यक्ति, साहित्यकार, कलाकार, संस्कृतिकर्मी, शुभेच्छुक तथा सर्वसाधारणले उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो ।

श्रेष्ठको निधनसँगै नेपाली साहित्यले एउटा कविमात्र नभई नेपाल र नेपाली भाषाबिच साहित्यिक सेतु निर्माण गर्ने एउटा सशक्त स्रष्टालाई गुमाएको छ । उहाँले करिब सात दशकदेखि कविता, गीत,




बालसाहित्य, नाटक तथा नेपालभाषाको प्रवर्द्धनमा योगदान पुऱ्याउँदै आउनुभएको थियो । मदन पुरस्कार गुठीले उहाँलाई नेपालभाषा र नेपाली भाषामा सुमधुर गीत, कविता, काव्य तथा बालसाहित्य सिर्जना गर्दै नेपाली वाङ्मयमा योगदान पुऱ्याएकामा 'जगदम्बा-श्री'बाट सम्मान गरेको थियो ।

विसं १९९२ मा काठमाडौँको न्हैकन्तला टोलमा जन्मनुभएका श्रेष्ठको प्रारम्भिक शिक्षा पद्मोदय माध्यमिक विद्यालयबाट भएको थियो । किशोर अवस्थादेखि साहित्यमा आकर्षित श्रेष्ठले विसं २००६ देखि लेखन सुरु गर्नुभएको थियो । उहाँको पहिलो कविता 'दुई थोपा' विसं २००९ मा 'सुस्केरा' पत्रिकामा प्रकाशित भएको थियो ।

यसैबिच, सङ्गीतकार न्ह्यू बज्राचार्यले जनकवि श्रेष्ठको निधन नेपाली साहित्य तथा गीतसङ्गीत क्षेत्रका लागि अपूरणीय क्षति भएको बताउनुभएको छ । उहाँका अनुसार श्रेष्ठका सिर्जनाले नेपाली गीतसङ्गीतलाई समृद्ध बनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । श्रेष्ठका शब्दमा रहेका सरलता, गहिराइ र मानवीय संवेदनाले पुस्तौँपुस्तासम्म प्रभाव पार्ने क्षमता राख्ने उहाँले बताउनुभयो ।

श्रेष्ठ 'सयौं थरी बाजा एउटै ताल', 'फूलको आँखामा फूलै संसार' लगायत कालजयी तथा चर्चित गीतका सर्जक हुनुहुन्थ्यो ।

# मानव सेवा आश्रमद्वारा साउनमा २४८ जनाको उद्धार

काठमाडौँ, २ भदौ । मानव सेवा आश्रमले गत साउनमा देशका विभिन्न स्थानबाट २४८ जना सडक आश्रित मानवको उद्धार गरेको छ । उद्धार गरिएकामध्ये १५७ पुरुष र ९१ जना महिला रहेका छन् । उद्धार गरिएका व्यक्तिहरूलाई देशभर रहेका विभिन्न शाखामा संरक्षण प्रदान गरिएको आश्रमले जनाएको छ ।

उद्धारसँगै पारिवारिक पुन:मिलनलाई प्राथमिकतामा राखेको आश्रमले साउन महिनामा पारिवारिक विवरण पहिचान भएका १८८ जनालाई परिवारसँग भेट गराइएको जनाएको छ । लामो समयदेखि परिवारबाट टाढिएका वा सडकमा अलपत्र अवस्थामा रहेका व्यक्तिहरूको उद्धार गरी तथा पारिवारिक सम्बन्ध स्थापित गर्दै पुन: परिवारमाफ फर्काउने कार्यलाई आश्रमले अभियानकै रूपमा अघि बढाउँदै आएको छ ।

साउनमा सबैभन्दा बढी काठमाडौँस्थित पशुपति होल्डिङ सेन्टरबाट ८८ जनाको उद्धार गरिएको छ भने १७ जनाको पारिवारिक पुन:मिलन गराइएको छ । चितवन, रुपन्देहीस्थित तिलोत्तमा दाङ र सुनसरी शाखाले सहयोगापेक्षी सडकआश्रित मानवको उद्धार गरेका छन् ।

# स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन गराउने प्रमुख आयुक्त कार्कीको भनाइ

काठमाडौँ, २ भदौ । प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गर्ने आयोगको जिम्मेवारीलाई समय सापेक्ष रूपमा थप सुदृढ गरी पूरा गरिने बताउनुभएको छ ।

आयोगको कार्यालयमा मङ्गलबार पूर्वप्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूसँगको छलफलका क्रममा उहाँले वर्तमान नेतृत्व सबै पूर्वपदाधिकारीसँग सल्लाह लिएर जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता जनाउनुभएको हो ।

निर्वाचन आयुक्त सगुनशमशेर जबराले निर्वाचन व्यवस्थापनमा आयोगले गरेका नवीनतम् कामहरूका बारेमा पूर्वप्रमुख आयुक्त र आयुक्तहरूलाई जानकारी गराउनुभएको थियो ।

छलफलमा निर्वाचन व्यवस्थापनका कानुनी, प्रविधिगत, व्यवस्थापकीय सुधारलगायत विविध विषयमा छलफल भई समसामयिक सुधारका लागि पृष्ठपोषण प्राप्त भएको आयोगका निमित्त सचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

।सम्पादकीय।

# सरकारको उपस्थिति अनुभूति भएन

प्रधानमन्त्री, मन्त्री र उच्चपदस्थ अधिकारीहरू सामान्य रुघाखोकी र ज्वरोसमेतमा दिल्ली, सिङ्गापुर, युरोप र अमेरिका उपचारमा जान्छन्। यसको विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय स्वास्थ्य मन्त्रालय, सङ्घीय संसद्को सचिवालयमा हुनैपर्छ। नेका, एमाले, तत्कालीन माओवादी, राप्रपा, मधेस आधारित दलका धेरै मन्त्री र सांसदहरूले यस्तो रकम बुझेको सार्वजनिक भएको हो। 'जेनजी आन्दोलन' बाट बनेको भनिएको रास्वपाको वर्तमान सरकारको भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालालाई बैतडीमा रुघाखोकी र ज्वरो आउँदा सैनिक हेलिकप्टरमा धनगढी र सैनिक स्काइ एम्बुलेन्समा काठमाडौँ उपचारको लागि ल्याइएको सार्वजनिक भयो।

रास्वपा सरकार गठनपछि प्रधानमन्त्री बालेनले आफू गृहमन्त्री सुधन, भौतिक पूर्वाधारमन्त्री सुनिलसहित तीनजनाको तस्वीर राखी 'देश बनाउने टोली' दाबी गरेका थिए। बैतडीमा चिकित्सकसहितको जिल्ला अस्पताल छ तर मन्त्री लम्साल त्यो अस्पतालमा पस्नै चाहेनन्। धनगढीमा पनि अस्पतालहरू छन्। मन्त्री लम्साल त्यहाँ पनि पस्नै चाहेनन्। सर्वसाधारण जनता उपचार हुने जिल्ला अस्पतालमा पस्न नचाहने र सैनिक हेलिकप्टर र सैनिक स्काइ एम्बुलेन्समार्फत काठमाडौँ उपचारमा आउने मन्त्रीहरू कसरी 'देश विकासको टोली' होलान्?

मन्त्री आफै दुर्गम जिल्ला पुगेको बेला त्यहाँका विद्यालय, कलेज, अस्पताल, खानेपानीको अवस्था कस्तो छ, अध्ययन र अनुगमनमा लाग्नुपर्ने थियो। बाजुराका कतिपय स्वास्थ्य संस्थामा सिटामोलको अभाव भइरहेको सार्वजनिक भयो। सरकारले ९८ प्रकारका औषधि निःशुल्क वितरण गरिरहेको दाबी गरे पनि यहाँ ५० प्रकारका औषधि पनि उपलब्ध छैन। बाजुराका कतिपय स्वास्थ्य संस्थामा उपचारका लागि पुग्नै कठिन छ। गत वर्ष यहाँ चारजना आमाले सडकमै बच्चा जन्माए।

यतिबेला सुदूर पश्चिमका जनता भन्दै छन्- सुत्केरीलाई स्वास्थ्य संस्था पुग्ने सडक र साधन छैन, मन्त्रीलाई ज्वरो आउँदा सैनिक हेलिकप्टर र सैनिक स्काइ एम्बुलेन्समा काठमाडौँसम्म उपलब्ध हुन्छ। जनताको प्रश्न छ- अहिलेसम्म सरकारमा पुगेका दल र तिनका नेताहरूमा देश र जनताप्रति सेवा किन भएन? के राज्य सम्पत्तिको दुरूपयोग गर्न आजसम्मका सरकारहरू गठन भएका हुन्?

सुदूरपश्चिमका ३१.४५ प्रतिशत बालबालिकाले तरकारी वा फलफूल देख्नसमेत नपाएको सार्वजनिक भयो। आजसम्म सुदूर पश्चिमबाट प्रधानमन्त्री र मन्त्री बनेकाहरू यो कमजोर अवस्थाको जिम्मेवार किन होइन? सरकारले स्थानीय कृषि उत्पादनलाई जोड नदिँदा १० बालबालिकामध्ये ४ जनाले 'जङ्क फुड' अर्थात् 'पतुर खाना' खाइरहेको अवस्था छ। कैलाली र कञ्चनपुरमा ख्याउटेपन, बाजुरा, बझाङ र दार्चुलामा पुड्कोपन तराईको तुलनामा दोबर भएको पनि सार्वजनिक भयो। देशको यो तस्वीरको लागि पनि हालसम्मका सरकारहरू जिम्मेवार हुन्।

नेपालका ग्रामीण तथा विकट क्षेत्रका बासिन्दा न्यूनतम चिकित्सकीय सेवाबाट वञ्चित भइरहेको अवस्था छ। पश्चिम नेपालको कतिपय जिल्लामा 'छाउगोठ' मा सुताइने महिलाहरू, सर्पको टोकाइ, अन्य जङ्गली जनावरको आक्रमण र हिंसामा परेका घटनाहरू पनि छन्। बोक्सा बोक्सीजस्ता अन्धविश्वासबाट पनि कतिपय जिल्लाका सर्वसाधारण पीडित छन्। सरकारहरू आफूलाई 'क्रान्तिकारी' दाबी गर्छन् तर देश अन्धविश्वासबाट माथि ल्याउन सकिरहेका छैनन्।

नेपाली जनता यतिखेर महँगीको मारमा पनि छन्। एकडेढ महिनाअघि २० केजीको सामान्य चामलको मूल्य १७ सय रूपैयाँ थियो। अहिले १८-१९ सय रूपैयाँ पुग्यो। तरकारी र फलफूलमा विषादी उस्तै छ। मानौँ, यो देशमा सरकार छैन।

## लौका तरकारी खाँदा बिरामी!



ख्वप अस्पतालमा उपचाररत एक मित्रलाई भेट्न पुग्दा आकस्मिक सेवामा सुडाल रातोपाटीका लौका तरकारी किनेर खाएका पूरै परिवार बिरामी भएको भेट्टाएँ। बिरामीहरूको अनुमान किनिएका लौकामा विषादी हुनुपर्छ। भारतबाट आयात विषादी तरकारीको विरोध भइरहेको बेला यहींकै तरकारीमा विषादी हुनु स्वास्थ्यको लागि हानिकारक हो। सम्बन्धित नगरपालिका, स्वास्थ्य निकाय र सिङ्गो समाजको ध्यान जाओस्।

*जे. दुलाल, सुडाल*

# फिडेलले हामीलाई जे दिनुभयो

✍ विजय प्रसाद

फिडेल क्यास्ट्रोलाई पहिलोपल्ट देख्दा म १६ वर्षको थिएँ। सन् १९८३ मा असंलग्न आन्दोलन (नाम) को सम्मेलनमा सहभागी हुन उहाँ भारत आउनुभएको थियो। भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीलाई भेट्दा फिडेलले शिष्टाचार उल्लङ्घन गर्दै अङ्कमाल गर्नुभयो। भारतलाई माया गर्नुहुन्थ्यो फिडेल। यो कुरा मैले १८ वर्षपछि दक्षिण अफ्रिकाको डर्बानमा थाहा पाएँ। उहाँले मसँग भन्नुभयो, "म धेरैपल्ट भारत पुगेँ। तर, कहित्यै लामो समय बसिनँ।" मैले डरले गर्दा उहाँलाई 'नाम सम्मेलनमा हजुरलाई' देखेको थिएँ भन्न सकिनँ। त्यो बेला उहाँको भव्य व्यक्तित्वले गर्दा क्युबा भन्ने देश धेरै ठूलो होला भन्ने लागेको थियो। क्युबाले जम्मा १ लाख १० हजार वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ। म जन्मेको कलकत्ता महानगरको भन्दा पनि कम जनसङ्ख्या भएको टापु देश होला भनेर मैले चिताएकै थिइनँ। त्यो बेला उहाँले हरियो सैन्य बर्दी लगाउनुभएको थियो। टाढैबाट उहाँलाई हेर्दै मैले सियरा माइस्त्राका पहाडबाट ओर्लेर हवानामा लम्किँदै गरेको जवान फिडेलको कल्पना गरेको थिएँ। उहाँले पेस्तोल बोक्नुभएको होला-नहोला भनेर पनि घोत्लिन पुगेको थिएँ म। किनभने, हत्याराहरूले यस्तो भिडमा उहाँलाई टाढैबाट गोली ठोक्न सक्छन् भन्ने पिर थियो।

सन् २००१ मा डर्बानमा जातिवादविरुद्ध विश्व सम्मेलन भएको थियो। त्यहाँ सरकारी र गैरसरकारी दुवै मञ्चबाट सबैले उभिएर सम्मान दिने विश्वको एकमात्र नेता हुनुभयो फिडेल। त्यसैले, उहाँको विचारले राजनीतिक पक्षधरताको पर्खाल भत्काइदियो। त्यो बेला 'मानवअधिकार' र 'विश्वव्यापीकरण' को खुबै चर्चा थियो। जब कि विश्वभरि असमानताको निर्मम इन्जिन चलिरहेको बेला यी शब्दको त्यति अर्थ थिएन। सबथोक झन्झन् खस्किँदै गइरहेको बेला जातिवाद र वातावरण विनाश अथवा ऋण र महिला अधिकारबारे यी मञ्चमा गफगाफ गर्नुको के अर्थ? दक्षिणी गोलार्द्धका देशहरूमा सामान्य जनताको घरायसी ऋणले सीमा नाघिरहेको बेला नेताहरू चिरिच्याट्ट परेर पुरानै गफ लडाइरहेका थिए। त्यसको विपरीत देखिनुभयो, सैन्य बर्दी लगाउनुभएका फिडेल। उहाँको सिधापन र मुस्कानले सत्यलाई सर्वस्वीकार्य बनायो। त्यसले मानिसहरूलाई एक स्वाभिमानी भविष्यको निम्ति उहाँले चलाइरहनुभएको सङ्घर्षमा सँगै हिँड्न उत्प्रेरित गऱ्यो। उहाँको सम्मानमा हामी उभियौँ। उहाँको विचारले गर्दा मात्र हामी उभिएका थियौँ। उहाँले ठ्याक्कै हाम्रो भाषा बोल्नुभयो। त्यही भएर हामी उभिएका थियौँ।

सन् १९८३ मा भारत आउनुभन्दा दुई वर्षअघि फिडेलले 'क्रान्ति रक्षा समिति' (सीडीआर) को सम्मेलनमा बोल्नुभएको थियो। सन् १९६० मा स्थापना गरिएका सङ्गठनहरूको समिति थियो त्यो। क्युबाली समाज र राष्ट्रको सुरक्षामा यो सङ्गठनले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। सम्मेलनमा उहाँले क्युबाली क्रान्तिका आरोहअवरोह मात्र सुनाउनुभएन। बरु, अमेरिकी नाकाबन्दीले गर्दा क्युबामाथि थोपरिएका सीमाहरूबारे पनि बताउनुभयो। फिडेलले भन्नुभयो, "नाकाबन्दीले हामीलाई अघि हात नपरेका उपलब्धिहरू हासिल गर्नबाट रोक्न सकेको छैन।" उहाँले ती उपलब्धिको विवरण दिनुभयो, "हाम्रा सबै जनता रोजगार छन्, बेरोजगारी अन्त्य भएको छ। सबैखाले दुराचार, जुवातास, दुर्व्यसनी, वेश्यावृत्ति अन्त्य भएको छ। निरक्षरता उन्मूलन भएको छ। कम्तीमा ६ कक्षासम्म शिक्षा अनिवार्य छ। यसलाई ९ कक्षासम्म पुऱ्याउँदै छौँ। स्वास्थ्य सेवा संसारको कुनै पनि अल्पविकसित देशको भन्दा स्तरीय छ।"

फिडेलले भन्नुभयो, "समस्या पऱ्यो भन्दैमा हामी हिँड्न छोड्ने छैनौँ।"

तेस्रो विश्वका देशहरूको लागि यो सबैभन्दा आधारभूत पाठ हो। हो, उपनिवेशवादले हाम्रा देशहरूलाई तहसनहस बनायो। नवउपनिवेशवादी विश्व व्यवस्थाले अझै हाम्रा देशका स्रोतसाधन र धनसम्पत्ति लुट्दै छ। हो, युद्ध र ऋणमा आधारित व्यवस्थाले हामीमाथि विकराल करको भार थोपरेको छ र हाम्रो सार्वभौम अधिकार नै प्रयोग गर्न खोज्छ। हो, यी सबै सत्य हुन्। समस्या यिनै हुन्। तर, समस्या पऱ्यो भन्दैमा हामी हिँड्न छोड्ने छैनौँ।

फिडेल काल्पनिक समाजवादी हुनुहुन्थेन। गरिबीको खाडलबाट फ्याट्टै धनको आहालमा उक्लिन सकिन्छ भन्ने कुरामा उहाँको विश्वास थिएन। उहाँले मार्क्सलाई पढ्नुभएको थियो। खासगरी उहाँले गोथा कार्यक्रमको आलोचना (१९७५) को अध्ययन गर्नुभएको थियो। त्यस रचनामा मार्क्सले लेख्नुभयो, "अधिकार कहित्यै समाजको आर्थिक संरचनाभन्दा माथि रहन सक्दैन। यसरी समाजको सांस्कृतिक विकास निर्देशित हुन्छ।" अर्को शब्दमा पर्याप्त अतिरिक्त धन पैदा गर्न नसक्ने र त्यही कारण पर्याप्त फुर्सद र सांस्कृतिक संस्थाहरू बनाउन नसक्ने उत्पादक शक्ति भएको समाजले मानव मुक्तिको लागि आवश्यक परिस्थिति निर्माण गर्न सक्दैन। उदाहरणको रूपमा पुँजीवादी व्यवस्थामा सम्पत्तिको उदार हकअधिकारले प्रत्येक व्यक्तिलाई सम्पत्ति राख्ने स्वतन्त्रता दिलाउँछ।




पुँजीवादभन्दा अगाडिका समाजहरूमा यो अधिकारमाथि बन्देज थियो। तर, उदारवादी हक अधिकारले सम्पत्तिबाट स्वतन्त्रता भने सुनिश्चित गर्दैनन्। अर्थात, यी हक अधिकारले सम्पत्तिविहीन रहँदा खेप्नुपर्ने अत्याचारबाट मान्छेलाई मुक्त गर्दैनन्। प्रचुर उत्पादन हुने उन्नत साम्यवादी समाजमा मात्र स्वतन्त्रताका लागि सामाजिक आधार स्थापित गर्न सकिन्छ। मार्क्सले लेख्नुभयो, "त्यसपछि मात्र पुँजीवादी हक अधिकारको साँघुरो दायरालाई पूरै पार गर्न सकिनेछ। तब, समाजमा यो नारा साकार हुनेछ - सबैबाट योग्यताअनुसार लिने सबैलाई उसको आवश्यकताअनुसार दिने!"

यही तर्कले आफ्नो परम्परालाई काल्पनिक समाजवाद र उदारवादबाट भिन्नै बनाउँछ भन्ने फिडेललाई थाहा थियो। तर, उहाँलाई अर्को मूलभूत सूत्र पनि थाहा थियो - उपनिवेशवाद र नवउपनिवेशवादको जाँतोमुनि पुँजीवादको असमान विकास हुन्छ र यसले गरिब देशहरूलाई आफ्नो उत्पादक शक्ति विकास गर्न दिन्न बरु तिनलाई आआफ्ना अल्पविकासका खाडल ठूला पार्न अलपत्र छोड्छ। यसको अर्थ राष्ट्रिय मुक्तिका लागि सङ्घर्षरत सङ्गठनहरूले आफ्ना औपनिवेशिक शासकहरूलाई जरैबाट उखेल्नुपर्छ र पछि कुशलतापूर्वक एकैपल्ट आफ्ना दुई ऐतिहासिक कार्यभार पूरा गर्नुपर्छ। पहिलो, उत्पादक शक्तिको निर्माण गर्नुपर्छ। *(जब कि यो पुँजीपतिहरूको कार्यभार हुनुपर्थ्यो।)* दोस्रो, उत्पादनका साधनहरूलाई सामाजिकीकरण गर्नुपर्छ। *(यो समाजवादीहरूको मिसन हो।)* गरिब मुलुकहरूमा पुँजीपति र सर्वहारावर्ग दुवैको कार्यभार समाजवादी शक्तिले पूरा गर्नुपर्ने बाध्यता आइलाग्छ। त्यो पनि ठूलो दबाबबिच। तर, समस्या पऱ्यो भन्दैमा हामी हिँड्न छोड्ने छैनौँ।

सन् २००१ मा म डर्बानको एक होटलमा फिडेल र उहाँको प्रतिनिधिमण्डलका सदस्यहरूसँगै थिएँ। कुराकानी चल्दै थियो। उहाँले भारतमा रहेको जातीय विभेदबारे प्रश्न सोध्नुभयो। फिडेलको जिज्ञासा मन छुने तर सचेत थियो। उहाँको जिज्ञासा शान्त पार्न र परिस्थितिको व्याख्या गर्न मैले सक्दो प्रयास गरेँ। त्यो बेला म ३४ वर्षको थिएँ र घरमा मेरी ६ महिनाकी बच्चीले के गर्दै होली भनी सोचिरहेको थिएँ।

फिडेलले मसँग समाजवादको निर्माण गर्दा आइपरेका चुनौतीहरूबारे बताउनुभयो। सुरुसुरुमा जातीय र लैङ्गिक उचनिच मेटाउन क्युबाली क्रान्तिले छिचोल्नुपरेका पहाडको विषयमा बताउनुभयो। हो, क्युबाली क्रान्तिले सार्वजनिक स्थलमा हुने विभेदलाई जरैबाट उखेलेको थियो। तर, मान्छेमा हुने जातिवादी रवैयासँग लड्न अझै पुगेको थिएन। तीतो यथार्थलाई सम्बोधन गर्नु एकदम महत्त्वपूर्ण हुन्छ। कठोर तथ्यहरूबाट सुरु गरेर परिस्थिति बदल्ने विधिहरू पत्ता लगाउनुपर्छ। तथ्यहरूलाई अस्वीकार गर्नु प्रगतिको बाधक बन्नु हो। यसमा प्रस्ट हुनुहुन्थ्यो फिडेल।

डर्बान सम्मेलनमा सम्बोधन गर्दै फिडेलले तीतो यथार्थबारे दीक्षा (मास्टर क्लास) नै दिनुभयो। उहाँले भन्नुभयो, "जातिवाद, जातीय विभेद र जातिद्वेष मानव जातिका प्राकृतिक स्वभाव होइनन्। यी त मानव समाजको इतिहासभरि गरिएका युद्ध, सैन्य कब्जा, लादिएको दासप्रथा र कमजोरमाथि सर्वशक्तिमान व्यक्ति वा समूहले गरेको शोषणबाट जन्मेका सिधै थिए।" यो तथ्यलाई स्वीकार गरेपछि असल व्यवहार र जातिवादलाई हटाउन गरिएका उदाहरणीय अभ्यासका अनुभव साटासाट गर्ने सेमिनारहरू अपर्याप्त लाग्छन्। हामीले त्यो व्यवस्था नै बदल्नुपर्छ, जहाँ सत्ताका आडमा सामाजिक उचनिच पनि फस्टाइरहेको हुन्छ। हामीले पुँजीवादी व्यवस्थालाई नै हटाउनुपर्छ; बदल्नुपर्छ।

फिडेलसँग बस्दै गर्दा मैले मार्क्सले 'स्वतन्त्रताको क्षेत्र' र 'आवश्यकताको क्षेत्र' बिच कोर्नुभएको रेखाबारे कुरा उप्काएँ। 'स्वतन्त्रताको क्षेत्र' ले विश्वका ती भूभागलाई जनाउँछ, जहाँ उत्पादक शक्तिहरू उन्नत हुनाले समाजवादमा सङ्क्रमण गर्ने पूर्वाधार निर्माण भएका छन्। *(उपनिवेशवाद यसको एउटा कारण थियो।)* 'आवश्यकताको क्षेत्र' मा अझै मान्छेका आधारभूत आवश्यकताको समस्याबाट पार पाउन बाँकी थियो। त्यसैले त्यहाँबाट समाजवाद धेरै टाढा थियो। *(यो क्षेत्र उपनिवेशवादी लुटबाट पीडित थियो।)* तैपनि, शास्त्रीय मार्क्सवादका अपेक्षाविपरीत तिनै 'आवश्यकताका क्षेत्र' मा क्रान्तिहरू भए, जहाँ समाजवाद 'जवान छ र यसका आफ्नै गल्ती छन्' *(सन् १९६५ मा चे ग्वेभाराले लेखेका शब्द हुन् यी)*। फिडेल क्यास्ट्रोले भन्नुभयो, "हामी हाम्रो भागको गल्ती गर्छौं। तर, गल्तीप्रति हामी इमानदार बन्नुपर्छ। हामीले गल्ती गर्दैनौँ भनी स्वाङ पार्न सकिन्न। तर, केही निश्चितता पनि हुन्छ भनेर हामीले आफूलाई सम्झाइरहनुपर्छ। आफैले गरेको काममा हामीले सधैँ माफी माग्ने कुरा हुन्न। किनभने, यो संसारलाई अझ मानवीय बनाउन नै हामीले ती काम गरेका हुन्छौँ।"

फिडेलजस्ता क्रान्तिकारीहरूले हामीलाई विचार मात्र दिनुभएन। ती आत्मीय क्षणमा उहाँले हामीलाई एक क्रान्तिकारीको उदाहरण दिनुभयो। यसैलाई हो चि-मिन्हले आवश्यकताको अनुकरण भन्नुभएको छ। फिडेलले बडो उत्साहित भएर आफ्ना विचारको व्याख्या गरिरहेको देखेर मलाई आफू थप उत्साहित र निश्चित भएको महसुस भयो। उहाँलाई अनुकरण गर्ने आकाङ्क्षा प्रगाढ भयो। एक व्यक्तिका रूपमा मात्र होइन, एक नृशंस व्यवस्थाबाट हाम्रो मानव जातिलाई जोगाउने सङ्घर्षमा जसरी यहाँ होमिनुभएको थियो, एउटा समाजवादी संसार निर्माण गर्न जसरी उहाँले इमानदार प्रयास गरिरहनुभएको थियो, त्यो देखेर पनि उहाँलाई अनुकरण गर्नुपर्छ भन्ने भावना बलियो भयो।

फिडेलका अति महत्त्वपूर्ण मन्तव्यहरू सुन्नुभयो भने तपाईंले ती मन्तव्यहरू स्रोतालाई असान्दर्भिक लाग्ने तथ्यतथ्याङ्कले भरिएको पाउनुहुनेछ। जस्तो, उहाँले क्युबाका विभिन्न जिल्लामा उत्पादन भएका अन्नबालीको विवरण पढ्नुहुन्छ। कहिले 'प्लाजा दे ला रिभोलुसियोँ' मा भेला भएका स्रोताहरूलाई कर्मचारीतन्त्रमा देखिएका मसिना समस्याबारे बताउनुहुन्छ। किन त्यसो गर्नुहुन्थ्यो उहाँ? फिडेल हाम्रा क्रान्तिकारी प्रोफेसर हुनुहुन्थ्यो। ती मन्तव्यमार्फत उहाँ हामीलाई बताउँदै हुनुहुन्थ्यो - समाजवाद भनेकै मसिना समस्याहरूको सामना गर्नु हो; उत्पादक शक्ति निर्माणको विज्ञानमा ध्यान दिनु हो; गल्ती हुन सक्ने सम्भावनाबारे प्रस्ट र इमानदार हुनु हो; विफलतालाई सफलतामा बदल्न जनसहभागिताको ढोका खोल्नु हो। हो, समस्या पऱ्यो भन्दैमा हामी हिँड्न छोड्ने छैनौँ।

*(विजयप्रसाद भारतीय इतिहासकार, सम्पादक तथा पत्रकार हुन्। उनी लेफ्टवर्ड बुक्सका सम्पादक हुन् भने सामाजिक अनुसन्धान संस्थान 'ट्राइकन्टिनेन्टल' का निर्देशक हुन्। उनी चीनको रेन्मिन विश्वविद्यालयका गैरआवासीय अध्येता पनि हुन्। उनले २० भन्दा बढी पुस्तक लेखेका छन्। 'अँध्यारा राष्ट्रहरू' र 'गरिब राष्ट्रहरू' उनका बहुचर्चित पुस्तक हुन्। 'सङ्घर्षले हामीलाई मानव बनाउँछ' उनको पछिल्लो पुस्तक हो। यो पुस्तक उनले नोम चोम्स्कीसँग मिलेर लेखेका थिए।)*

**स्रोत : एमआर अनलाइन अनुवाद : सम्यक**

# सफाइको कुरा गरूँ कि नगरूँ ?

✍ दिवाकर

न्वारानमा नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका राखे पनि चिनामा तिनीहरूको नाम 'सफाइ अड्डा' नै हो। आज त तिनीहरूले स्थानीय सरकारको मान र हैसियत पाएका छन्। आफ्नो सहर-नगर सफाइ गर्नु तिनीहरूको परम कर्तव्य हो।

देशका थुप्रै पालिकाहरूमध्ये सफाइको काममा को कति सफल र असफल छन् त्यो अध्ययनको विषय हो। यहाँ म आफ्नै भक्तपुर नपाबारे केही चर्चा गर्न लोकप्रिय 'मजदुर' दैनिकको सहयोग खोजिरहेको छु।

त्यसो त सफाइकै विषयमा दैनिक 'मजदुर' मा पाठकपत्र, समाचार, टिप्पणी, गुनासो, आलोचनाहरू धेरै पढिसकेको छु। तीमध्ये कतिपय अँध्यारोमा हानेको गुच्चाजस्तै भयो- फासफुस। त्यसैले सफाइको कुरा गरूँ कि नगरूँ भन्ने दोमन भए पनि '... को खुट्टा बाटो मै पर्छ' कि भन्ने आशाले लेख्दै छु।

हिजोको हाम्रो फोहर नगर आज सफा नगर भएको छ, खुसी लागेको छ अनि गर्व महसुस भएको छ।

यसका हकदार नेपाल मजदुर किसान पार्टीका नेता कार्यकर्ता, नपाका पूर्व र वर्तमान जनप्रतिनिधि, किसान-मजदुर, शिक्षक-विद्यार्थी, विभिन्न शैक्षिक-सामाजिक सङ्घ-संस्था, व्यापारी-व्यवसायी, वृद्ध-युवा, पुरुष-महिला अर्थात् सम्पूर्ण नगरवासीको योगदान छ। त्यसमा सफाइसँग सम्बन्धित कर्मचारी र मजदुरको पनि उल्लेख्य योगदान छ। सफाइ अरूको लागि होइन आफ्नै लागि हो भन्ने चेतना जगाउन लामै समय लाग्यो। परिणाम नगर सफा भयो तर दुःखको कुरा सफा संस्कार बसिसकेको छैन। त्यसैले, अझै धेरै काम गर्न बाँकी छ, प्रयास जारी राख्नुपर्ने निर्विवाद छ। सफा नगरका नगरवासी र कर्मचारी दुवै पक्षबाट केही कमीकमजोरी भएको स्पष्ट दृष्टिगोचर हुन्छ। यहाँ केही तस्बिरबाट कुरा थालौं -



ब्यामसिंह

ब्यामसिंह नगरको व्यस्त क्षेत्रमध्ये एक हो। यहाँ स्कूल, अस्पताल, बस स्टप छ। तर, त्यहाँ हरेक दिन चित्रमा जस्तै फालिएको फोहरको डङ्गुर हुन्छ र दुर्गन्धको साम्राज्य चल्छ।

त्यस्तै, व्यस्त महालक्ष्मी बस स्टपमा पनि फालिएको फोहरको डङ्गुरको दृश्यावलोकन गर्दै र दुर्गन्ध सुँघ्दै ख्वप कलेजका हजारौं विद्यार्थीलगायत आवत-जावत गर्छन्।

कमलविनायक बस स्टप पनि फोहर फाल्ने ठाउँ बनेको छ।

अनि, ऐतिहासिक सलाँ गणेश मन्दिरकै अगाडि गाडाहरूले फोहरका बोराहरूको 'गोदाम' बनाएको देखिन्छ।

यी थुपारिएका फोहर पछि मिनिट्रकमा राखेर गन्तव्यमा लैजान्छ। त्यहाँ दुई-चार मुठी चुन छर्के पनि दुर्गन्ध हटेको हुँदैन।

यी केही प्रतिनिधि चित्र हुन्। तर, यस्तो किन भइरहेको छ ? धेरैको मनमा जिज्ञासा छ। त्यसो त हरेक दिनको एकाबिहानै नपाका गाडाहरूले हरेक टोलमा फोहर बटुलेर लैजान्छ। त्यो सानो गाडामा फोहर अटाइ नअटाई हुन्छ र गाडीमा हाल्न भन्छ। तर, गाडीवाला सङ्कलक सधैं हतारोमा हुन्छ।

त्यसपछि 'यो नगर भक्तपुर....' गीत बजाउँदै ट्याक्टर, श्री ह्वील (टेम्पो), मिनिट्रक फोहर सङ्कलन गर्न सबै वडामा आइरहेका छन्। तैपनि, ठाउँ-ठाउँमा जथाभावी फोहर किन फालियो र दुर्गन्ध फैलियो ?

सफा नगरमा दाग भएको नसुहाएकोले यसबारे भक्तपुर नगरपालिकाले एउटा ठोस बन्दोबस्त र नियम बसाल्नैपर्ने देखिन्छ। सल्लाह स्वीकार्य छ भने बस स्टपमा मात्र होइन कहींकतै पनि फोहर भुइँमा पर्नै नदिने उपाय गर्नुपर्ने देखिन्छ। कुहिने र नकुहिने फोहर घर-घरबाटै छुट्याउनै पर्ने नियम, अपवादलाई छोडेर बसिसकेको छ र नपा धेरै सफल भएको छ। तर, चित्रमा देखिएको फोहरको डङ्गुरमा कुहिने र नकुहिने दुवै मिसिएको छ। यसबाट नपाको प्रयास असफल बनेको छ र फोहर छुट्याउने अनुरोधको सोझै बेवास्ता भएको छ।

फोहर जथाभावी नफालौं, नपाको गाडा र गाडीमा मात्र कुहिने र नकुहिने बारअनुसार राखौं भन्ने नपाको अनुरोध छ। यसको सोझो अर्थ नपाले आफ्ना गाडीहरूबाट फोहर सङ्कलन गर्ने छ भन्ने हो। तर, सङ्कलन कसरी गरिन्छ ? घर-दैलोबाट कि दोबाटो, चौबाटो, चोकमा बसेर ? नपामा बुझ्दा फोहर सङ्कलन प्रत्येक घर-दैलोबाट गर्ने हो। यद्यपि, जहाँ श्री ह्वील पनि जान सक्दैन त्यहाँ भने गल्ली वा चोक बाहिर कुरेर फोहर सङ्कलन गर्ने र नगरवासीले फोहर ल्याइदिनुपर्ने हुन्छ।

नपाको यो नियम त्यहीँका अधिकांश कर्मचारीले इमानदारीपूर्वक पालना गरिरहेका छैनन्- यो कटु यथार्थ हो। फोहर सङ्कलन गर्नेहरू गीत बजाउँदै घुम्न आएको भान हुन्छ। तिनीहरू आफ्नो कार्य क्षेत्रको छिटोभन्दा छिटो एक फन्को लगाएर 'सरकारी काम कहिले जाला घाम' गरिरहेका छन्। विभिन्न टोलका साथीहरूको भनाइ सुन्दा ती कर्मचारीहरू नपाको उद्देश्य र लक्ष्यका विरोधी देखिएका छन् -

१) हिजोका दिनमा घर-दैलोमा आएर फोहर सङ्कलन गर्थे। कारणवश कुनै दिन वा केही दिन फोहर फाल्नेको सङ्ख्या घट्दा त्यसपछि आउन छोडे। घर-दैलोमा किन नगएको भन्दा फोहर फाल्ने नै छैन भनी जवाफ दिन्छन्।

२) साँघुरा सडक वा गल्लीमा पनि हिजो ट्याक्टरले फोहर सङ्कलन गरेको थियो। अहिले श्री ह्वील भएकोले आउन-जान झनै सजिलो छ। यदि, त्यो बाटोमा कसैले घर बनायो भने आवत-जावत गर्न सम्भव हुँदैन। यदि कर्तव्यनिष्ठ कर्मचारी भए अलिकति घुमेर भए पनि जान मिल्ने ठाउँसम्म गएर घर-दैलोबाटै फोहर सङ्कलन गर्थे होलान्। त्यस्तो नदेखिए पनि फोहर सङ्कलन गर्ने गाडी नजिकको चोकमा बसेर कुर्ने गर्थ्यो। अहिले घर बनिसक्यो, बाटो खुला भयो तैपनि आउँदैन, 'साउनमा आँखा फुटेको गोरु' ले झैं सधैं बाटो बन्द ठान्दछ।

३) भक्तपुरमा धेरै साँघुरा बाटा-गल्लीहरू छन्। त्यहाँ पनि विगतमा ट्याक्टर आएर फोहर सङ्कलन गरेको थियो। तर, ट्याक्टरभन्दा सानो श्री ह्वील चलाउनेहरू बाटो साँघुरो भनेर आउनै मान्दैनन्। बाटो त्यति साँघुरो पनि होइन किनभने श्री ह्वीलले बाटो साँघुरो भनेको गल्लीमा ५-७ हजार लिटरको ट्याङ्करले पानी सजिलै ढुवानी गरिरहेको छ। ट्याङ्कर जानसक्ने बाटो श्री ह्वीलको लागि कसरी साँघुरो भयो ? यो माना पचाउनेहरूको बठ्याइँ वा नदिने बराजुले बुधबार बारेकोभन्दा अरू के हो ?

४) सबै होइनन् तर केही चालक र सफाइ मजदुर '....को भूत बातले मान्दैन' भन्नै पर्ने खालका छन्। नगरवासीसँग कसरी व्यवहार गर्ने भन्ने सोमत फिटिक्कै छैन। नगरवासी भनेका आफ्नो तलबका स्रोत हुन्, करदाता हुन् भन्ने हेक्का रतिभर राख्दैनन्।

५) साँघुरो बाटोमा नजाने फोहर सङ्कलन गर्नेहरू विभिन्न अत्तो थापेर दोबाटो चौबाटोको चोकमा गीत बजाएर बस्छन्। गीत सुनेर फोहरको झोला हत्तरपत्तर टिपेर जाँदाजाँदै तिनीहरू लम्की हाल्छन्। नगरवासीहरू 'आसे... आसे...' भन्दै पछिपछि दौडिनुपर्छ। यस्तो दृश्य बिहान घुम्यौं भने धेरै ठाउँमा देखिन्छ। युवा त दौडिन्छन् तर विचरा वृद्धहरूको हुर्मत जान्छ। कहिलेकाहीं लाग्छ- यिनीहरू फोहर सङ्कलन गर्न आएका हुन् कि मलामी आएका ?! अन्यथा त्यति हतारो किन ?

यी प्रतिनिधि घटनाबाहेक अझ धेरै होलान्। त्यसबारे गुनासो गर्न नगरवासी प्रायः वडा कार्यालयमा पुग्छन्। अनि नगरपालिकाका जनप्रतिनिधिहरूले दायित्व र कर्तव्य बुझाउन 'अभिमुखीकरण' गर्छन्। तर, स्थितिमा परिवर्तन भएको छैन। यदाकदा के सुनिन्छ भने नपामा केही कर्मचारी यस्ता छन् जो आफू नभए नगरपालिका नै चल्दैन भन्ने 'दिउँसै सपना' देख्छन्। त्यस्तै, कर्मचारीको सङ्गत परेर हो कि अभिमुखीकरणको औचित्य 'भालुलाई पुराण' मा खस्केको अनुभव हुन्छ।



कमलविनायक

हाम्रो पनि सफाइसम्बन्धी गुनासो गर्नुपर्‍यो भने जनप्रतिनिधिलाई नै गुहार्ने बानी बसिसकेको छ। तर, नपाको वेबसाइटमा स्यानिटेसन शाखामा काम गर्ने वडा निरीक्षक, सहायक, नगर निरीक्षकलगायत थुप्रै कर्मचारीको सूची देखिन्छ। उनीहरूको काम के हो ? मेनहोलको ढकन भएन, फोहर भयो, फोहर सङ्कलन गरेन... जे कुरामा पनि जनप्रतिनिधिलाई नै भन्नुपर्छ भने ती कर्मचारीको जिम्मेवारी र दायित्व के हो ? नपाको लागि आर्थिक भार नै तिनीहरूको उपयोगिता हो ? सफाइ मजदुरले के कसरी सफाइ गरिरहेको छ, जथाभावी फोहर किन फालियो, नगरवासीका के कस्ता गुनासा छन्... आदिको रेखदेख गर्ने र सकेको सम्बोधन गर्ने जिम्मेवारी तिनीहरूको होइन र ? खोइ त कहाँ के देखियो ?



सलाँ गणेश

नगर सफा भएकोमा नपाले करोडौं खर्च भएको, सफाइसँग सम्बद्ध कर्मचारीहरूको प्रशंसा गरेको, कतिपयलाई पुरस्कृत गरेको समाचार पढ्न पाइन्छ। तर, काम नगर्ने, ठग्ने, झारा टार्नेहरूलाई कारबाही पनि गरेको भए सन्तुलित हुन्थ्यो जस्तो लाग्छ।

जहाँसम्म नगर सफाको कुरा छ यसमा नगरवासी र सफाइ मजदुर दुवैको योगदान छ। फरक के हो भने मजदुरहरूले तलब लिएर सफाइ गरिरहेका छन्, नगरवासीले कर तिरेर सघाइरहेका छन्। यस दृष्टिले नगरको सफाइमा कर्मचारीको योगदान ४० प्रतिशत छ भने नगरवासीको ६० प्रतिशत भन्न मिल्छ कि मिल्दैन ?

कुरा गरूँ कि नगरूँ भन्ने दोमन हुँदाहुँदै पनि धेरै कुरा गरियो। जे होस्, जनप्रतिनिधिहरूजस्तै कर्मचारीहरू आ-आफ्नो दायित्व र कर्तव्यमा निष्ठ होस्, नगर अझ सफा होस्, फोहर प्रत्येक घर-दैलोबाट सङ्कलन गरोस्, बाध्य भएर कसैले पनि जथाभावी फोहर फाल्न नपरोस्, फोहर सङ्कलनको काम फुर्सद र हतारोमा होइन कर्तव्य सम्झेर गरोस्, नगर साँच्चैको सधैं सफा होस्, नगरवासीहरूप्रति राम्रो व्यवहार गरोस्।



बेखाल



बेखाल



फोहरको डङ्गुर ओसार्दै सफाइ मजदुर

# झु रोङ्जीको अन्त्येष्टिअघि चीनमा शोक



पेइचिङ, १८ अगस्ट (एएफपी)। चीनका पूर्वप्रधानमन्त्री झु रोङ्जीको निधनपछि उहाँको अन्त्येष्टिअघि मङ्गलबार पेइचिङका सरकारी भवन तथा तियानमेन स्क्वायरमा राष्ट्रिय झण्डा आधा झुकाइएको छ। गत साता ९७ वर्षको उमेरमा निधन हुनुभएका झुको योगदानलाई सामाजिक सञ्जालमा पनि स्मरण गरिएको छ।

सन् १९९८ देखि पाँच वर्ष प्रधानमन्त्री रहनुभएका झु चिनियाँ अर्थतन्त्रको निर्णायक पुनर्गठन, भ्रष्टाचारविरुद्धको कडा अभियान र राज्यको स्वामित्वमा रहेका अक्षम संस्थान सुधारका लागि परिचित हुनुहुन्थ्यो। उहाँको कार्यकालमा चीनलाई विश्व अर्थतन्त्रसँग थप जोड्ने महत्त्वपूर्ण आर्थिक सुधार अघि बढाइएको थियो।

मङ्गलबार पेइचिङका सरकारी भवनमा झण्डा आधा झुकाइएको थियो। राजधानीको केन्द्रमा रहेको तियानमेन स्क्वायरमा पनि झण्डा आधा झुकाइएको थियो। अत्यधिक सुरक्षा व्यवस्था रहने तियानमेन स्क्वायरमा झुको सम्मानमा गरिएको श्रद्धाञ्जली चिनियाँ सामाजिक सञ्जाल वेइबोमा समेत शीर्ष चर्चाको विषय बनेको छ।

वेइबोमा एक प्रयोगकर्ताले झुले देशका लागि गर्नुभएको योगदानप्रति धन्यवाद दिँदै उहाँलाई सधैँ सम्झिइरहने उल्लेख गरेका छन्। झुप्रति व्यक्त गरिएको श्रद्धाञ्जलीले आर्थिक सुधारका क्रममा उहाँले खेलेको भूमिकाप्रतिको जनस्मरणलाई पनि उजागर गरेको छ।

चिनियाँ राज्य समाचार संस्था सिन्ह्वाले झुलाई 'उत्कृष्ट सर्वहारा क्रान्तिकारी तथा राजनीतिज्ञ' का रूपमा स्मरण गरेको छ। सिन्ह्वाका अनुसार झुको शव मङ्गलबार पेइचिङमा अन्त्येष्टि गरिनेछ। त्यसअघि सत्तारूढ चिनियाँ कम्युनिस्ट पार्टीका वरिष्ठ नेताहरूको सहभागितामा औपचारिक बिदाइ कार्यक्रम आयोजना गरिनेछ।

सन् १९२८ मा मध्य चीनमा जन्मिनुभएका झु सन् १९४९ मा माओत्सेतुङको नेतृत्वमा कम्युनिस्ट क्रान्ति सफल भएपछि पार्टी संरचनामा अघि बढ्नुभएको थियो। उहाँले साङ्घाईको मेयर, राष्ट्रिय उपप्रधानमन्त्री हुँदै प्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएको थियो।

झुको प्रधानमन्त्री कार्यकाल चीनका तत्कालीन राष्ट्रपति जियाङ जेमिनको कार्यकालसँगै अघि बढेको थियो। जियाङको सन् २०२२ मा निधन भएको थियो। दुवै नेताको कार्यकालमा चीनले तीव्र आर्थिक सुधार र विश्व अर्थतन्त्रमा आफ्नो सहभागिता विस्तार गरेको थियो।

झुले सरकारी स्वामित्वका घाटामा रहेका तथा अक्षम कम्पनीको पुनर्संरचना र विघटनलाई अघि बढाउनुभएको थियो। यस्ता कदमले ठूलो आर्थिक तथा सामाजिक प्रभाव पारे पनि चीनको राज्य सञ्चालित अर्थतन्त्रलाई थप प्रतिस्पर्धी बनाउने प्रयासका रूपमा त्यसलाई हेरिएको थियो।

उहाँ भ्रष्टाचारविरुद्धको कडा अडानका कारण पनि चर्चित हुनुहुन्थ्यो। सार्वजनिक पदमा इमानदारीलाई प्राथमिकता दिनुपर्ने उहाँको धारणा उहाँका सार्वजनिक अभिव्यक्तिमा देखिन्थ्यो।

एकपटक आफूलाई भविष्यमा कसरी सम्झिइयोस् भन्ने प्रश्नमा झुले आफूले पद छाडेपछि देशभरका मानिसले आफूलाई 'इमानदार अधिकारी, भ्रष्ट नभएको व्यक्ति' का रूपमा सम्झिए आफू सन्तुष्ट हुने बताउनुभएको थियो।

चीनको आर्थिक रूपान्तरणका महत्त्वपूर्ण वर्षमा प्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएका झुको निधनपछि भएको औपचारिक श्रद्धाञ्जलीले उहाँको राजनीतिक तथा आर्थिक योगदानलाई पुनः चर्चामा ल्याएको छ।

# ड्रोनलाई लिएर बेलायतलाई रुसी चेतावनी

लन्डन, १८ अगस्ट (एएफपी)। युक्रेनलाई उपलब्ध गराइएका बेलायतमा निर्मित ड्रोन रुसभित्र गहिराइसम्मका सैन्य तथा औद्योगिक लक्ष्यमा आक्रमण गर्न प्रयोग भएको समाचार सार्वजनिक भएपछि मस्कोले बेलायतलाई त्यसको 'मूल्य चुकाउनुपर्ने' चेतावनी दिएको छ।

सन्डे टाइम्सले दुई बेलायती कम्पनीले उत्पादन गरेका ड्रोन युक्रेनले रुसी भूभागभित्रका लक्ष्यमा प्रहार गर्न प्रयोग गरेको समाचार प्रकाशित गरेपछि रुसी चेतावनी आएको हो। लन्डनस्थित रुसी दूतावासले बेलायतलाई युक्रेनको आक्रमणमा 'सहयोगी र सह-अपराधी' को भूमिका निर्वाह गरेको आरोप लगाउँदै द्वन्द्वलाई जानाजानी थप चर्काउने बाटो रोजेको बताएको छ।

दूतावासले जारी गरेको विज्ञप्तिमा बेलायतको संलग्नता र किएभको 'आतङ्कवादी संयन्त्र' लाई दिइने समर्थन बढ्दै गए त्यसको मूल्य पनि बढ्दै जाने चेतावनी दिइएको छ।

सन्डे टाइम्सका अनुसार ड्रोन उत्पादनमा संलग्न दुई कम्पनीमध्ये एउटा बेलायती प्रमुख रक्षा कम्पनी बीएई सिस्टम्सको सहायक कम्पनी हो। सुरक्षा कारण देखाउँदै अखबारले अर्को कम्पनीको नाम सार्वजनिक गरेको छैन।

बेलायतको रक्षा मन्त्रालयले यस विषयमा तत्काल टिप्पणी गर्न गरिएको अनुरोधको जवाफ दिएको छैन।

सन् २०२२ को फेब्रुअरीमा रुसले युक्रेनमाथि पूर्णस्तरको आक्रमण सुरु गरेयता बेलायत किएभको प्रमुख समर्थकमध्ये एक रहँदै आएको छ। बेलायतले युक्रेनलाई हालसम्म करिब २५ अर्ब पाउन्ड अर्थात् ३३ अर्ब अमेरिकी डलर बराबरको सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। यसमा करिब १६ अर्ब पाउन्ड सैन्य सहायता रहेको छ।

युक्रेनले पछिल्ला महिनाहरूमा रुसी भूभागभित्र लामो दूरीका ड्रोन तथा अन्य हतियारमार्फत आक्रमण तीव्र पारेको छ। यस्ता आक्रमणले रुसको सैन्य तथा औद्योगिक पूर्वाधारलाई लक्षित गर्दै आएको बताइएको छ।

यसको जवाफमा रुसले पनि युक्रेनमाथि हवाई आक्रमण बढाउँदै आएको छ। विशेषगरी राजधानी किएभमा रुसी क्षेप्यास्त्र र ड्रोन आक्रमणको क्रम पछिल्ला महिनाहरूमा तीव्र बनेको छ।

बेलायत निर्मित ड्रोन रुसी भूभागमा प्रयोग भएको समाचारले युक्रेनलाई पश्चिमी मुलुकले उपलब्ध गराउँदै आएको सैन्य सहयोग र त्यसले रुस-युक्रेन द्वन्द्वमा पार्न सक्ने प्रभावबारे नयाँ विवाद जन्माएको छ। मस्कोले पश्चिमी मुलुकको सैन्य सहयोगलाई आफूविरुद्धको प्रत्यक्ष संलग्नताका रूपमा व्याख्या गर्दै आएको छ भने बेलायतलगायत युक्रेनका समर्थक राष्ट्रहरूले रुसी आक्रमणविरुद्ध किएभलाई सहयोग गर्नु आवश्यक रहेको बताउँदै आएका छन्।

रुसी दूतावासको पछिल्लो चेतावनीले युक्रेनलाई सैन्य सहायता उपलब्ध गराउने बेलायत र रुसबिचको तनाव थप बढ्न सक्ने सङ्केत गरेको छ।

# जापानी राजदूतलाई रुसी स्पष्टीकरण

मस्को, १८ अगस्ट (एएफपी)। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले जापानले आफ्नो दाबी गर्दै आएको विवादित कुरिल टापुको भ्रमण गरेपछि टोकियोले त्यसको विरोध जनाएलगत्तै मस्कोले जापानी राजदूत अकिरा मुटोलाई बोलाएको छ। रुसले पुटिनको भ्रमणप्रति जापानी अधिकारीको आलोचनालाई कूटनीतिक मर्यादाविपरीत भएको बताउँदै राजदूतसँग स्पष्टीकरण माग्न लागेको हो।

रुसी विदेशमन्त्री सर्गेई लाभ्रोभले सोमबार जापानी अधिकारीहरूले राष्ट्रपति पुटिनको भ्रमणको आलोचना गरेर 'सभ्यताको रेखा पार' गरेको बताउनुभयो। उहाँका अनुसार जापानी राजदूतलाई बोलाएर जापानी नेतृत्वको व्यवहार र आयोजक देशमा राजदूतले पालना गर्नुपर्ने कूटनीतिक आचरणबारे जानकारी गराइनेछ।

"हामीले जापानी राजदूतलाई बोलाएका छौँ," लाभ्रोभले पत्रकारहरूसँग भन्नुभयो। यद्यपि, जापानी पक्षले सुरुमा राजदूत मुटो तत्काल उपस्थित हुन नसक्ने जानकारी गराएको थियो। उहाँ मस्कोमा नरहेको वा अस्वस्थ भएको जानकारी आफूहरूले पाएको लाभ्रोभले बताउनुभयो।

रुसी विदेश मन्त्रालयकी प्रवक्ता मारिया जाखारोभाले पछि राज्य समाचार संस्था तासलाई राजदूत मुटोले अचानक आफूलाई राम्रो महसुस गरेको र मङ्गलबार मन्त्रालयमा उपस्थित हुने जानकारी दिइएको बताउनुभयो।

रुस र जापानबिचको सम्बन्ध लामो समयदेखि कुरिल टापुहरूको स्वामित्व विवादका कारण तनावपूर्ण रहँदै आएको छ। जापानले यी टापुलाई 'उत्तरी क्षेत्र' का रूपमा दाबी गर्दै आएको छ भने सन् १९४५ मा सोभियत सङ्घले कब्जामा लिएपछि ती रुसी नियन्त्रणमा छन्।

राष्ट्रपति पुटिनले जापानसँग विवादित ती टापुको हालै भ्रमण गर्नुभएको थियो। उहाँले त्यसअघि रुसको सुदूरपूर्वमा पर्ने सखालिन टापुको भ्रमण गर्नुभएको थियो। पुटिनको कुरिल भ्रमणपछि जापानले टोकियोस्थित रुसी राजदूतलाई बोलाएर विरोध जनाएको थियो। त्यसको प्रत्युत्तरमा मस्कोले जापानी राजदूतलाई बोलाएको हो।

रुसी राष्ट्रपति पुटिनको भ्रमणलाई लिएर जापानले आपत्ति जनाएपछि दुई देशबिचको पुरानो क्षेत्रीय विवाद पुनः कूटनीतिक तनावको विषय बनेको छ। लाभ्रोभले जापानी राजदूतको समन राष्ट्रपति पुटिनको भ्रमणको आलोचनाप्रति मात्र नभई 'जापानी नेतृत्वको आचरण' र आयोजक देशमा राजदूतले कसरी व्यवहार गर्नुपर्छ भन्ने विषयमा पनि केन्द्रित हुने बताउनुभयो।

सन् २०२२ मा रुसले युक्रेनमाथि पूर्णस्तरको आक्रमण सुरु गरेपछि रुस-जापान सम्बन्ध थप बिग्रिएको छ। जापानले रुसमाथि पश्चिमी प्रतिबन्ध लगाउन अमेरिका तथा अन्य जी-७ राष्ट्रसँग सहकार्य गर्दै आएको छ।

जापानले युक्रेनलाई आर्थिक सहयोगका साथै गैरघातक रक्षा सामग्रीसमेत उपलब्ध गराउँदै आएको छ। रुसले भने जापानको यस्तो नीतिको आलोचना गर्दै आएको छ।

पुरानो क्षेत्रीय विवाद र युक्रेन युद्धलाई लिएर दुई देशबिच बढेको राजनीतिक दूरीका कारण पछिल्लो कूटनीतिक विवादले रुस-जापान सम्बन्ध थप जटिल बन्ने सङ्केत गरेको छ।

# इमरानको स्वास्थ्य अवस्थाप्रति अल्वीको चिन्ता

इस्लामाबाद, १८ अगस्ट (एएनआई)। पाकिस्तानका पूर्वराष्ट्रपति आरिफ अल्वीले जेलमा रहेका पूर्वप्रधानमन्त्री इमरान खानको स्वास्थ्य अवस्था चिन्ताजनक रहेको दाबी गर्दै उहाँलाई तत्काल अस्पतालमा सारेर स्वतन्त्र चिकित्सकको निगरानीमा उपचार गर्न माग गर्नुभएको छ। उहाँले खानको तनाव, मुटुको धड्कन र उच्च रक्तचापप्रति विशेष चिन्ता व्यक्त गर्दै लामो समयको एकान्तवासले उहाँको स्वास्थ्यमा गम्भीर असर पारिरहेको बताउनुभएको हो।

अल्वीले सामाजिक सञ्जाल एक्समा खानको मेडिकल रिपोर्ट आफूले विभिन्न विशेषज्ञसँग छलफल गरेर अध्ययन गरेको बताउँदै त्यसका आधारमा आफू गम्भीर रूपमा चिन्तित भएको उल्लेख गर्नुभयो। उहाँका अनुसार रिपोर्टमा खानको चिन्ता र तनावको उच्च स्तर, मुटुको धड्कन तथा उच्च रक्तचाप मुख्य चिन्ताका विषय देखिएका छन्।

उहाँले रिपोर्टमा निद्रासम्बन्धी समस्याको स्पष्ट उल्लेख नभए पनि खानले प्रयोग गरिरहेको औषधिले त्यस्तो समस्या निम्त्याएको सङ्केत गर्ने बताउनुभयो। "म इमरान खानलाई ३५ वर्षभन्दा बढी समयदेखि चिन्छु। तनाव कहिल्यै उहाँको कमजोरी थिएन। अहिले यो चरम अवस्थामा पुगेको छ, जसले तीन वर्षको जेल र पूर्ण एकान्तवासले उहाँको स्वास्थ्यमा पारेको असर देखाउँछ," अल्वीले भन्नुभयो।

अल्वीले खानको मानसिक तनावलाई पाकिस्तानको राजनीतिक अवस्था, उहाँका सहकर्मीहरूको कैद तथा कतिपय व्यक्तिमाथि भएका सजाय र हिंसाका घटनासँग जोड्नुभएको छ। परिवार, बाहिरी संसार र सूचना स्रोतबाट लामो समय अलग राखिनु तथा समाचारपत्र र पुस्तकमा पहुँच नहुनुले समेत उहाँको तनाव बढाएको अल्वीको भनाइ छ।

खानको मुटुको चालप्रति पनि चिन्ता व्यक्त गर्दै अल्वीले उहाँको आरामको अवस्थामा मुटुको दर ५४ बिट प्रतिमिनेट रहेको बताउनुभयो। सामान्य व्यक्तिका लागि यस्तो दरलाई चिकित्सकीय रूपमा सामान्य मान्न सकिए पनि खानको विगतको मुटुको दरको तुलनामा यो असामान्य हुन सक्ने उहाँको भनाइ छ। खानले मुटु धड्किने समस्या पनि बताउनुभएको अल्वीले उल्लेख गर्नुभयो।

अल्वीले खानको स्वास्थ्य अवस्थाको विस्तृत मूल्याङ्कनका लागि तत्काल २४ घण्टे होल्टर मोनिटरमार्फत मुटुको निगरानी र रक्तचापको नियमित परीक्षण गर्न सुझाव दिनुभयो। उहाँले तनाव परीक्षण, इकोकार्डियोग्राम, कार्डियक एमआरआई, कोरोनरी धमनीको क्याल्सियम स्क्यान तथा कार्डियक सीटी एन्जियोग्रामलगायत परीक्षण आवश्यक हुन सक्ने बताउनुभयो।

"म निकै चिन्तित छु। एकान्तवासले उहाँको शरीरमा शारीरिक असर गरिरहेको छ। यसलाई तत्काल सम्बोधन नगरिए थप जटिलतासहितको क्षति स्थायी हुन सक्छ," अल्वीले भन्नुभयो।

उहाँले खानलाई स्वतन्त्र चिकित्सकको प्यानलको निगरानीमा तत्काल अस्पतालमा सार्नुपर्ने माग गर्नुभयो। खानको परिवार र पाकिस्तानका नागरिकले सरकारद्वारा नियुक्त चिकित्सकमाथि मात्र विश्वास गर्न नसक्ने अवस्था रहेको पनि अल्वीले बताउनुभयो। आगामी तीन महिनामा उहाँको स्वास्थ्यमा सुधार आउने वा क्षति स्थायी बन्ने भन्ने विषय महत्त्वपूर्ण हुने उहाँको भनाइ छ।

पूर्वप्रधानमन्त्री खान हाल जेलमा हुनुहुन्छ। उहाँका छोराहरू सुलेमान खान र कासिम खानले पनि बुबाको स्वास्थ्य तथा परिवार, चिकित्सक र कानुनी प्रतिनिधिसँगको पहुँचबारे चिन्ता व्यक्त गर्दै आउनुभएको छ। उहाँहरूका अनुसार परिवार, चिकित्सक र वकिललाई सात महिनादेखि खानलाई भेट्न अनुमति दिइएको छैन।

खानको पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई) पार्टीका समर्थकहरूले उहाँ र उहाँकी पत्नी बुशरा बीबीको तत्काल रिहाइको माग गर्दै देशका विभिन्न स्थानमा प्रदर्शन गर्दै आएका छन्।

खान सन् २०१८ देखि २०२२ सम्म पाकिस्तानको प्रधानमन्त्री रहनुभएको थियो। संसदीय अविश्वास प्रस्तावमार्फत पदबाट हटाइएपछि उहाँविरुद्ध विभिन्न मुद्दा अघि बढाइएका थिए। भ्रष्टाचार तथा सरकारी गोपनीयता उल्लङ्घनलगायतका मुद्दामा दोषी ठहरिएपछि उहाँ सन् २०२३ देखि जेलमा हुनुहुन्छ।

खान र उहाँका राजनीतिक सहयोगीहरूले आफूविरुद्धका कानुनी कारबाही राजनीतिक उद्देश्यबाट प्रेरित रहेको र उहाँको राजनीतिक पुनरागमन रोक्न मुद्दाहरू अघि बढाइएको आरोप लगाउँदै आएका छन्। प्रधानमन्त्री पदबाट हटाइएपछि खानले तत्कालीन प्रधानमन्त्री शाहबाज सरिफको सरकार, पाकिस्तानको सैन्य प्रतिष्ठान तथा अमेरिकाले आफूलाई सत्ताबाट हटाउन षड्यन्त्र गरेको आरोप लगाउँदै राष्ट्रव्यापी राजनीतिक अभियान सञ्चालन गर्नुभएको थियो। पाकिस्तानी प्रशासनले भने ती आरोप अस्वीकार गर्दै आएको छ।

सन् २०२४ को आमनिर्वाचनमा पीटीआईलाई प्रत्यक्ष रूपमा सहभागी हुन रोक लगाइएको र त्यसपछि पार्टीका नेता तथा समर्थकमाथि कारबाही गरिएको विषयलाई लिएर पनि खानका समर्थकहरूले विरोध गर्दै आएका छन्। उनीहरूले खानविरुद्धका मुद्दा राजनीतिक रूपमा प्रेरित भएको र उहाँको पुनः राजनीतिक सक्रियता रोक्ने उद्देश्यले अघि बढाइएको दाबी गर्दै आएका छन्।

# विश्व प्रसिद्ध साहित्यकार विलियम शेक्सपियर !


● न्हुछेरत्न बुद्धाचार्य

"काम गर्नमा तिमी महान् बन जस्तो कि तिमी विचारमा महान् छौ कुराजस्तो काम गर, कामजस्तो कुरा"- शेक्सपियर

शेक्सपियरको जन्म सन् १५६४ मा बेलायतको स्ट्रेटफोर्डमा भएको थियो। उनका पिता एउटा साधारण व्यापारी थिए। उनका दुई दिदी बहिनी र तीन दाजु भाइ थिए। शेक्सपियरको प्रारम्भिक शिक्षा ग्रामर स्कूलमा भयो र तेन्ह वर्षको उमेरमा पिता जेल परेकाले आर्थिक दुरवस्थाको कारण उनी आफ्नो पढाइ छोडन बाध्य भए।

शेक्सपियर १८ वर्षको तन्नेरी उमेरमा स्ट्रेट फोर्डकै एनी बेटली नामक युवतीसँग प्रेम गरेका थिए। उनी असाध्यै राम्री थिइन्। सुन्दरता र विद्वताकी धनी एनी बेटली पनि शेक्सपियरलाई अति चाहन्थिन्।

तर, शेक्सपियरको मति बिग्रेर उनी आफूभन्दा आठ वर्ष जेठी किसानकी छोरी एनी हाथवेलाई राती-राती भेट्न जान्थे। यिनीहरू दुईको शारीरिक सम्बन्धबाट हाथवेको गर्भ रहन गयो र त्यति राम्री एनी वेटली प्रेयसी हुँदा हुँदै पनि वाध्यतावश यिनले एनी हाथवेलाई बिहे



नगरी सुखै पाएनन्। हाथवे मुखाले थिई। त्यसै पनि लोग्नेलाई कचकच गरिरहन्थी। यसैबाट आजित भएर शेक्सपियरले आफ्ना अधिकांश नाटकहरूमा लोग्नेमानिसलाई आफूभन्दा जेठी स्त्रीसँग बिहे नगर्नु भनेर चेतावनी दिन खोजेका छन्। शेक्सपियर र एनी हाथवेको विवाह सन् १५८२ मा भएको थियो। दाम्पत्य जीवन सुखमय हुन नसकेकाले २१ वर्षको उमेरमा उनी लण्डन गए।

एकपटक गाउँको जमिनदारको बगैंचामा बसेर एउटा हरिण मारेकोले उनले आफ्नो गाउँ छोडेर लण्डन जान बाध्य हुनु पऱ्यो भन्ने भनाइ छ। त्यहाँ उनले अभिनेताको काम गरे अनि ग्लोव थिएटरमा व्यवस्थापक स्टेजसेटिङ, नाटक प्रस्तोता आदिको रूपमा काम गरे। जसले गर्दा उनलाई एउटा सफल नाटककार बन्न सहयोग पुग्यो, अनि उनी ग्लोव थिएटरका हिस्सेदार हुन पुगे।

यसरी शेक्सपियर सफल कवि र नाटककार मात्र नभई आफ्नो व्यवहारिक कुशलताले गर्दा आर्थिक दृष्टिले पनि सफलकर्मी रहे। नाटकहरूद्वारा मात्र नभई आफ्ना नाटकहरूमा प्रयोग गरिएका चौध हरफ कविता गीत (Sonnet) द्वारा समेत शेक्सपियरले अङ्ग्रेजी साहित्यमा अद्वितीय स्थान ओगटेका छन्।

**शेक्स पियरका कृति**

शेक्सपियरको साहित्यिक यात्रालाई मोटामोटी रूपमा चार चरणमा विभाजित गरी अध्ययन गर्न सकिन्छ। पहिलो चरणमा उनले समाजमा ज्यादै लोकप्रिय रहेका पुराना कथा र नाटकहरूको समय सापेक्ष रूपमा पुन: लेखन गरे। प्रथम चरण सन् १५९५ सम्म रह्यो र लम्सलेवर लस्ट तथा 'कमेडी अफ एरर्स' जस्ता कृतिहरू यस अवधिका प्रमुख कृति मानिन्छन्।

दोस्रो चरण सन् १५९५ देखि १६०१ सम्मलाई लिइन्छ। जुन अवधिमा विभिन्न ऐतिहासिक नाटकहरू लेखिए। 'हेनरी चतुर्थ' सिरिज तथा सुखान्त नाटक 'एज युलाइक इट' र 'थ्येल्पथ नाइट' यसै अवधिमा लेखिएका हुन्। यी दुई उनका मौलिक नाटक हुन्, जसले त्यसबेलाका सबै नाटककार तथा रङ्गमञ्च व्यवसायीहरूलाई र पूरै लण्डनको समाजलाई प्रभावित पारे। यस अवधिका उनका नाटक त्यति गम्भीर नभए पनि तिनमा जीवनका जन्मजात स्वभाव र प्रकृतिको यथार्थ वर्णन पाइन्छ। तेस्रो चरण सन् १६०१ देखि सम्मलाई लिइन्छ। जुन अवधिमा ह्यामलेट, ओथेलो, म्याकवेथ तथा किङ्गलियर आदि १६०८ जस्ता गम्भीर एवं दुखान्त नाटकहरू लेखिए। लण्डन वा इङल्यान्डमा मात्र नभई सम्पूर्ण युरोपमा नै उनका यी नाटकहरूले हलचल मच्चाइदिए, जसद्वारा साहित्यमा उनको महानतम् स्थान स्थापित हुन पुग्यो।

चौथो चरण सन् १६१२ मा सुरु भई १६१३ सम्म कायम रहन्छ। यस चरणलाई शेक्सपियरको युग पनि भनिन्छ। यस चरणमा उनले द बिन्टर्स टेल, रेम्पेस्ट आदि नाटक लेखे। यद्यपि, यी नाटकहरू दु:ख र सङ्घर्षले भरिएका छन्। तर पनि त्यति गम्भीर वा दुखान्त छैनन्। यस चरणका नाटकका कथामा उनले अत्यधिक कल्पनाको आश्रय लिएका छन्।

आफ्ना सबै नाटकमा शेक्सपियरले अति भौतिक तत्त्व तथा अविश्वसनीय घटनाको वर्णन गरेका छन्। आजको यस वैज्ञानिक युगमा चर्चित भूतप्रेतसम्बन्धी कथामा प्राय: मानिस विश्वास गर्दैनन्। यी कुराका अतिरिक्त शेक्सपियरले आफ्ना नाटकहरूमा मानव मनोविज्ञानका सूक्ष्मतम कुराहरू ज्यादै नै राम्रो ढङ्गले अभिव्यक्त गरेका छन् र यी नै उनका साहित्यका सबैभन्दा महत्त्वपूर्ण विशेषता हुन्। यसैले शेक्सपियर विश्व प्रसिद्ध साहित्यकार हुन्। यस्ता महान् विभूतिको निधन सन् १६१६ मा लण्डनमा भयो।

**सन्दर्भ सामग्री**

१) A hand book of the study of literature - Mahindra nath sinha
२) English literature - R.J Rees

# पेसा फेरियो, दलन फेरिएन

✍ राजेश विद्रोही

काठमाडौं। नेपालमा सामाजिक विभेदको इतिहास विडम्बनापूर्ण छ। जुन वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायले पुस्तौंदेखि आफ्नो श्रम, सीप र उत्पादनबाट समाजको दैनिक जीवन सञ्चालनमा सहज गरे। आज उनीहरू नै समाजमा सामाजिक सम्मान, सामूहिक अवसर र समानताबाट सबैभन्दा बढी बन्चित छन्। यतिसम्म कि उनीहरूको परम्परागत पेसा, श्रम र सीप आधुनिक बजारमा मूल्यवान् बन्दै गएपछि त्यसको आर्थिक लाभ कथित उच्च समुदायहरूले लिन थालेका छन्। पेसा फेरिएको छ, प्रविधि फेरिएको छ, बजार फेरिएको छ तर विभेद र विभेद्कारी मानसिकता भने अपेक्षित रूपमा फेरिन सकेको छैन। आजको लोकतान्त्रिक समाजमा यसले एउटा गम्भीर प्रश्न र बहस जन्माएको छ। दलित शिल्पी समुदाय आफ्नो पेसा र श्रमबाट मात्र वञ्चित भएका छन् कि आफ्नो पेसा र श्रमको स्वामित्वबाट पनि बन्चित छन् ? अहिलेको आधुनिकताले उनीहरूलाई विभेदबाट मुक्त गऱ्यो कि उनीहरूको परम्परागत पेसा नै खोस्यो ?

जातीय व्यवस्थामा आधारित बलियो नेपाली समाज र यहाँको सामाजिक संरचनामा पेसा र जातबिच लामो समयसम्म गहिरो सम्बन्ध छ। कामका आधारमा समुदायहरूलाई वर्गीकृत गरियो र त्यसलाई जन्म र मृत्युसँग जोडेर पुस्तान्तरण गरियो। पहाडमा कामी, दमाईं, सार्की, गाइनेलगायत समुदायका परम्परागत जातीय सीप र श्रम समाजका लागि अपरिहार्य थिए। कामी लोहार तथा धातुका काममा, दमाईं कपडा सिलाउने र बाजा बजाउने काममा तथा सार्की छाला र जुत्ता बनाउने काममा परिचित थिए।

यस्तै, मधेसमा पनि डोम, दुसाध, चमार, मुसहर, बाँतर, खत्वे, धोवीलगायत समुदायलाई जातिगत पेसाका आधारमा वर्गीकृत गरियो। चमारले छाला, जुत्ता तथा बाजागाजाको काम गर्थे। दुसाधले नाचगानलगायतका काम गर्थे। मुसहर र बाँतरले माटो तथा श्रमसँग सम्बन्धित काम गर्थे। धोबीले कपडा धुने काम गर्थे। डोमले बाँसका सामग्री बनाउनेदेखि मृतकको शव जलाउनेसम्मका काम गर्थे। यस्ता विभिन्न अध्ययन तथा अनुसन्धानहरूले पनि यी समुदायका परम्परागत पेसा जातीय संरचनासँग जोडिएको र उनीहरू श्रम गरे पनि सामाजिक रूपमा न्यून दर्जामा राखिएको देखाएका छन्। अर्थात्, उनीहरूको श्रम समाजका लागि आवश्यक थियो। तर, उनीहरूको सामाजिक हैसियत स्वीकार्य थिएन। यही नै नेपाली जातीय वर्ण व्यवस्थाको सबैभन्दा ठुलो विरोधाभास हो।

कपडा सिलाउने दमाई चाहिन्थ्यो तर उसलाई घरभित्र प्रवेश गर्ने अधिकार थिएन। हलो, कोदालो, हँसिया र कृषि औजार बनाउने कामी चाहिन्थे तर उसले छोएको पानी अशुद्ध मानिन्थ्यो। जुत्ता बनाउने चमार र सार्की चाहिन्थे तर उनीहरूलाई सामाजिक रूपमा अछूत बनाइन्थ्यो। उनीहरूले बनाएका वस्तु प्रयोग गर्न हुन्थ्यो तर उनीहरूले समान नागरिकको व्यवहार पाउँदैन्थ्यो। यो केवल सामाजिक अपमान मात्र थिएन्, यो श्रम र श्रमिकमाथिको कठोर तथा अमानवीय संरचनात्मक नियन्त्रण पनि थियो।

**श्रम थियो, मूल्य थिएन**

परम्परागत ग्रामीण अर्थतन्त्रमा 'बालीघरे' जस्ता व्यवस्थाले दलित शिल्पी समुदाय र गैरदलित परिवारबिच आर्थिक सम्बन्ध बनाएको थियो। तर, त्यो सम्बन्ध बराबरीको आर्थिक कारोबार थिएन। एकातिर सेवा र सीप थियो, अर्कोतिर आश्रय र निर्भरता। अनुसन्धानहरूले बालीघरे तथा हलीजस्ता व्यवस्थालाई नगदविहीन, असमान संरचनासँग जोडेर हेरेका छन्, जहाँ दलित समुदायले आफ्नो श्रमको उचित आर्थिक मूल्य पाउन कठिन थियो र भूमिस्वामित्वमा पनि उनीहरू पछाडि थिए।

यतिसम्म कि श्रमिकसँग आफ्नो श्रमको उचित मूल्य निर्धारण गर्ने अधिकार समेत थिएन। उनीहरू उत्पादन गर्थे, तर त्यसको मूल्य कथित उच्च समुदायका मालिकले निर्धारण गर्थे। उनीहरू सेवा गर्थे, तर सामाजिक प्रतिष्ठा पाउँदैनथे। उनीहरूले सीप पुस्तान्तरण गर्थे, तर त्यो सीपलाई औपचारिक ज्ञानको मान्यता दिइएन। उनीहरूको सीपले समाजलाई चलाए, तर समाजको नेतृत्व गर्ने अवसर उनीहरूले पाएनन्। यही कारणले दलित शिल्पी समुदायको इतिहास केवल गरिबीको इतिहास मात्र होइन्, यो श्रमको अवमूल्यन र सामाजिक बहिष्करणको इतिहास पनि हो।

**पेसा बदलियो तर स्वामित्व आएन**

समय बदलियो। गाउँको परम्परागत अर्थतन्त्र विस्तारै बजार अर्थतन्त्रमा बदलियो। हातले बनाउने वस्तुको स्थान मेसिनले लिन थाल्यो। सिलाइ व्यवसाय उद्योगमा बदलियो। फलामका औजार कारखानामा उत्पादन हुन थाले। छालाका सामग्री उद्योग र ब्रान्डमा परिणत भए। सङ्गीत र बाजागाजाको क्षेत्र व्यावसायिक भयो। जुन सीपलाई पुस्तौंसम्म दलित शिल्पी समुदायले जोगायो आज त्यही उत्पादन आधुनिक बजारमा फेरिएपछि त्यसको व्यावसायिक मूल्य पनि बढ्यो। तर, त्यसको स्वामित्व र लाभ भने दलित शिल्पी समुदायले पाउन सकेन। अर्थात् पेसा फेरियो तर दलन फेरिएन। युगसापेक्ष विभेद पुस्तान्तरण भयो।

एक समय 'तल्लो जातको काम' भनेर हेपिएका पेसाहरू आज व्यवसाय, उद्योग र उद्यमका रूपमा स्थापित भइरहेका छन्। जुत्ता बनाउने काम 'सार्कीको काम' मात्र रहेन, त्यो ठुलो बजार भएको व्यवसाय बन्यो। कपडा सिलाउने काम 'दमाईको पेसा' मात्र रहेन, फेसन उद्योग बन्यो। धातु तथा हस्तकलाको काम 'कामीको काम' मात्र रहेन, उद्योग र कलाका रूपमा स्थापित भयो। बाजागाजा तथा नाट्यकलाको काम झसार्की र चमारको काम मात्र रहेन, आधुनिकीकरण भयो। तर, विडम्बना के छ भने पेसा आधुनिक भयो तर पेसा गर्ने व्यक्ति आधुनिक समानतामा पुगेन। यसले आजको आधुनिक समाजलाई गम्भीर मोडमा पुऱ्याएको छ। दलित शिल्पी समुदाय आफ्नो पेसा श्रमबाट वञ्चित भयो तर विभेदबाट वञ्चित हुन सकेको छैन।

**तथ्याङ्कले बोलेको असमानता**

राष्ट्रिय जनगणना २०७८ ले नेपालमा पहाडी दलितको जनसङ्ख्या २५ लाख छ हजार ६१२ अर्थात् ८.५९ प्रतिशत र मधेसी दलितको जनसङ्ख्या १३ लाख ९२ हजार ३७८ अर्थात् ४.७८ प्रतिशत देखाएको छ। अर्थात् यी दुई समूह जोड्दा दलित जनसङ्ख्या ३८ लाख ९८ हजार ९९० पुग्छ। विश्वकर्मा १४ लाख ७० हजार १०, परियार ५ लाख ६५ हजार ९३२ र मिजार चार लाख ५२ हजार २२९ जनसङ्ख्याका ठुला पहाडी दलित समुदाय हुन्। तराईतर्फ चमार/हरिजन/राम तीन लाख ९३ हजार २५५, मुसहर दुई लाख ६४ हजार ९७४ र दुसाध/पसवान/पासी दुई लाख ५० हजार ९७७ जनसङ्ख्या भएका प्रमुख समुदाय हुन्। उनीहरूको बाक्लो जनसङ्ख्या हुनु तर राज्य अवसरमा उनीहरूको समान पहुँच हुन नसक्नु अदृश्य विभेदको ठुलो लोकतान्त्रीकरण भएको छ।

राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनले पनि दलित समुदायको जनसङ्ख्याको आधारमा राज्य संयन्त्रमा सम्मान प्रतिनिधित्व निकै कम रहेको उल्लेख छ। उक्त प्रतिवेदनअनुसार निजामती सेवामा दलित प्रतिनिधित्व करिब दुई प्रतिशत, नेपाल प्रहरीमा नौ प्रतिशत, नेपाली सेनामा आठ प्रतिशत र न्यायपालिकामा एक प्रतिशत मात्र रहेको छ। सोही प्रतिवेदनमा कोभिड-१९ को समयमा अभिलेख भएका दलित मानवअधिकार उल्लङ्घनका घटनामध्ये ३१ प्रतिशत जातीय विभेदसँग सम्बन्धित रहेको छ। यसले के देखाउँछ भने समस्या केवल 'पुरानो पेसा' को होइन।

समस्या समान अवसर, स्रोत, शिक्षा, रोजगारी, प्रतिनिधित्व र सामाजिक न्याय र सम्मानमा ठुलो को छ भन्ने हो। पुस्तौंसम्म ढाड भाँच्ने गरी सामाजिक, आर्थिक, राजनीतिक र अमानवीय विभेदको जाँतोमा पिल्सियो तर आज पनि उस्तै भनिदैछन्। झारा टारिरहेका छन्।

**कानुन फेरियो तर मानसिकता फेरिएन**

नेपालको संविधानले जातीय आधारमा हुने सबैखाले विभेद र छुवाछूतलाई निषेध गरेको छ। जात, जाति, समुदाय वा पेसाका आधारमा हुने विभेद कानुनी रूपमा निशेध गरिएको छ। छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ ले सार्वजनिक तथा निजी जीवनमा जातीय आधारमा गरिने छुवाछूत, बहिष्कार र विभेद्लाई दण्डनीय बनाएको छ। तर, कानुन बन्नु र सामाजिक चेतना बदलिनु एउटै कुरा होइन।

राष्ट्रिय मानव अधिकार आयोगकै पुरानो अध्ययनले पीडितहरू आर्थिक निर्भरता, सामाजिक दबाब र चेतनाको अभावका कारण विभेदका घटना उजुरी गर्न हिच्किचाउने गरेको देखाएको छ। आयोगले यसलाई विभेदबाट वञ्चिती र वञ्चितीबाट पुन: विभेद पैदा हुने चक्रका रूपमा औंल्याएका छन्। अर्थात् विभेद केवल एउटा व्यक्तिको व्यवहार होइन्, यो आर्थिक निर्भरता, सामाजिक सम्बन्ध, विवाह, शिक्षा, रोजगारी, सहभोज, धार्मिकस्थलमा सामूहिक प्रवेश र राजनीतिक शक्तिसँग गाँसिएको संरचनात्मक समस्या हो।

**जातीय पेसा होइन, अधिकार**

दलित शिल्पी समुदायलाई फेरि पुरानै जातीय पेसामा फर्काउने होइन। आधुनिक समाजले सबै पेसालाई खुला, सम्मानित र बजारमुखी बनाउनुपर्छ। कामीको सीप केवल 'कामीको काम' होइन, त्यो आधुनिक धातु उद्योग, इन्जिनियरिङ र हस्तकलाको आधार बन्न सक्छ। दमाईंको सिलाइ सीप फेसन उद्योग र उद्यमशीलतासँग जोडिन सक्छ। सार्की र चमारको छाला प्रशोधन र जुत्ता निर्माणको ज्ञान आधुनिक उद्योगमा रूपान्तरण हुन सक्छ। तर, त्यसका लागि राज्यले केवल आरक्षणको सङ्ख्या गन्ने होइन, सीप, पुँजी, प्रविधि, बजार र स्वामित्वमा पनि पहुँच सुनिश्चित गर्नुपर्छ। परम्परागत सीपको दस्तावेजीकरण, प्राविधिक शिक्षा, सहुलियतपूर्ण ऋण, उत्पादनमा सहकारी वा सामुदायिक स्वामित्व, ब्रान्ड निर्माण, बजार पहुँच र सरकारी खरिदमा प्राथमिकता जस्ता कार्यक्रम आवश्यक छन्। परम्परागत शिल्पलाई 'गरिबको पेसा' होइन, राष्ट्रिय उत्पादन र सांस्कृतिक सम्पदाका रूपमा पुन:परिभाषित गर्नुपर्छ र विभेदलाई व्यवहारमै न्यूनीकरण गर्दै जानुपर्छ।

सबैभन्दा महत्त्वपूर्ण कुरा के छ भने श्रमको सम्मान र श्रमिकको सम्मानलाई अलग गर्न मिल्दैन। जुन हातले समाजका लागि जुत्ता बनायो, त्यस हातलाई अपमान गरेर जुत्ताको मूल्य बढाउन सकिँदैन। जुन हातले औजार बनायो, त्यस हातलाई अछूत बनाएर आधुनिक उद्योगको गौरव गर्न सकिँदैन। जुन हातले कपडा सिलायो, त्यस हातलाई जातका आधारमा तल राखेर फेसन उद्योगको आधुनिकता पूरा हुँदैन। जुन श्रम र पसिनाले जङ्गल फाँडेर जमिन बनायो, उनीहरूलाई भूमिहीन सुकुम्बासी बनाउनु हुँदैन।

नेपालको सामाजिक रूपान्तरणको असली परीक्षा दलितलाई पुरानो पेसाबाट मुक्त गरियो कि गरिएन भन्ने मात्र होइन। उनीहरू आफ्नो श्रमको मालिक बने कि बनेनन्, आफ्नो सीपको मूल्य पाए कि पाएनन्, राज्यका अवसरमा बराबरी पुगे कि पुगेनन् र आफ्ना सन्तानले जातभन्दा माथि उठेर जीवनसाथी रोज्दा समाजले स्वीकार गऱ्यो कि गरेन भने हो। किनभने नेपालले अब जातीय पेसाको विगतबाट आर्थिक समानताको भविष्यतर्फ जानुपर्छ। पेसा बदलियो तर जातीय दृष्टि बदलिन सकेन भने त्यो रूपान्तरण होइन्, विभेदको नयाँ रूपान्तरण मात्र हो। त्यसैले आजको सबैभन्दा असहज तर निर्णायक प्रश्न भनेको दलित शिल्पी समुदायको पेसालाई व्यावसायिक रूपमा आधुनिकीकरण त गरियो, तर उनीहरूलाई अमानवीय विभेदबाट मुक्त गरेर उनीहरूको जीवनलाई आधुनिकीकरण किन गर्न सकिएन ? आफूसरह किन समाजमा सामाजिक हैसियत निर्माण गर्न सकिएन ? *रासस*

## शिक्षक आवश्यकता

यस विद्यालयमा प्राथमिक शिक्षकको रिक्त पदमा करारमा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले शिक्षक सेवा आयोगबाट करारमा नियुक्तिका लागि सूचिकृत भएका र अन्य योग्य इच्छुक उम्मेदवारहरूको लागि यो सूचना प्रथमपटक प्रकाशित भएको मिति (२०८३/०५/०९) ले १५ दिनभित्र आफ्नो शैक्षिक योग्यता, अनुभव, स्थायी अध्यापन अनुमतिपत्र, करारमा सूचिकृत भएको भए सूचिकृत प्रमाण र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपिसाथ दर्खास्त बुझाउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**पुनश्च**: विज्ञापन भएको मितिले सात दिनभित्र करार सूचिकृतले सम्पर्क गर्नुपर्नेछ र शिक्षक सेवा आयोगबाट करारमा सूचिकृत दर्खास्त परेमा अन्यको दर्खास्त स्वत: रद्द हुनेछ।

| पद | तह/श्रेणी | सङ्ख्या | परीक्षाको किसिम | तलब स्केल | वर्ष |
|---|---|---|---|---|---|
| करार शिक्षक | प्रा.शि. तृतीय | एक (१) | लिखित र अन्तर्वार्ता | नियमानुसार | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |

**आवश्यक न्यूनतम योग्यता** : प्रवीणता प्रमाणपत्र तह (१०+२ वा सो सरह उत्तीर्ण), आई.एड.

**वान्छनीय योग्यता** : न्यूनतम योग्यताभन्दा माथिल्लो शैक्षिक योग्यता, तालिम प्राप्त, माथिल्लो तहमा अर्थशास्त्र र कम्प्युटर अध्यापन गर्न सक्ने र अनुभवीलाई विशेष ग्राह्यता।

**परीक्षा दस्तुर** : रू. १,०००।- (एक हजार रूपैयाँ मात्र) नेपाल बैङ्क लिमिटेड. च.हि.नं. ०१५००१०००३१६५५००००००१ मा जम्मा गरेको सक्कल भौचर

**सम्पर्क मिति** : २०८३/०५/१०

**देवी माध्यमिक विद्यालय**
चाँगुनारायण नगरपालिका-९, सौडोल
सम्पर्क नं.: ९८४१४०२९२०,९८४१३९४६३३

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ९०

**जिल्ला प्रशासन कार्यालय उदयपुर २०८२/५/२४ का निर्णय**

२०८२।०५।२४ गते दिउँसोबाट सुरु भएको आन्दोलन तथा नारा जुलुस उछ्रृङ्खल बन्दै गएको छ । सरकारी कार्यालयहरूमा समेत तोडफोड भएको, राजनीतिक दलका पार्टी कार्यालयहरू, जनप्रतिनिधिहरूका घरहरूमा समेत आक्रमण, तोडफोड तथा आजगनी हुन थालेको छ । एकैपटक जिल्ला सदरमुकामलगायत अन्य पालिका र सहरी क्षेत्रमा शान्ति सुरक्षामा खलल पुग्ने गतिविधि हुन थालेको छ। जिल्लामा रहेका नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका युनिटहरूबाट स्थिति नियन्त्रणमा लिन नसकिने देखिएको हुँदा थप क्षति हुन नदिन र शान्ति व्यवस्था नियन्त्रणमा लिन तत्काल आवश्यक भएकोले मद्दतका लागि नेपाली सेना, पशुपतिप्रसाद गणलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रदर्शनको क्रममा देशभरि भएको भौतिक क्षतिको विवरणको विश्लेषण**

भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा मुलुकमा ठुलो भौतिक क्षति हुन पुगेको छ। खासगरी सार्वजनिक र निजी भवन, व्यापारिक प्रतिष्ठानहरू, सवारी साधन, चल अचल सम्पत्ति, सुरक्षा निकायका हातहतियार एवम् बन्दोबस्तीका सामानहरूको क्षति भएको छ ।

सार्वजनिक संस्थान ८ वटाको रु. ५ करोड ७५ लाख ६६ हजार ४५०, राजनैतिक दलका कार्यालयहरू १९६ को ४६ करोड १५ लाख ५३ हजार ६९२, ४९ जना राष्ट्रसेवक कर्मचारीको रु.३ करोड ५२ लाख ९८ हजार ९६८, सुरक्षा निकायका कर्मचारीहरू ३२५ जनाको रु. ३ करोड ३८ लाख १८ हजार ३००, निर्वाचित पदाधिकारीहरू १७६ जनाको रु. ९ अर्ब ३८ करोड ७७ लाख ४५ हजार २८१, ६२ वटा व्यापारिक प्रतिष्ठानको रु. १८ अर्ब ५ लाख २१ हजार २९९, सहकारी संस्था ३ वटाको रु. ५३ लाख, ९ वटा शैक्षिक संस्थाको २ अर्ब ९८ लाख ९ हजार ५९४, २०९ जना व्यक्तिको रु.३ अर्ब २६ करोड ९७ लाख २४ हजार २०८ र ३४ वटा अन्य क्षेत्रको रु. ५३ करोड ६६ लाख ४९ हजार ४५९ क्षति गरी कुल भौतिक क्षतिको रकम रु. ४१ अर्ब ८९ लाख १८ हजार ७०९ रहेको छ ।

**सङ्घीय, प्रदेश कार्यालयहरू र स्थानीय तहको भौतिक क्षतिको विवरणको विश्लेषण**

सङ्घीय कार्यालयहरू २०६ वटाको क्षति रु. ३ अर्ब ४७ करोड २७ लाख ८६ हजार ८४ रहेको छ। सात वटा प्रदेशअन्तर्गतका ८७ वटा कार्यालयहरूको रु. ३ अर्ब ७२ करोड ८७ लाख १९ हजार ४७७ र १३९ वटा स्थानीय तहहरूको रु. ४ अर्ब ५१ करोड २५ लाख ५५ हजार ५१ क्षति भएको छ ।

**प्रदेश कार्यालयहरूको क्षतिको विवरणको विश्लेषण**

सात वटा प्रदेशअन्तर्गतका प्रदेश कार्यालयहरूको कुल क्षति रु. ३ अर्ब ७२ करोड ८७ लाख १९ हजार ४ सय ७७ रहेको छ। जसमा सबैभन्दा बढी क्षति वाग्मती प्रदेशको रु. ११ अर्ब २ करोड ९७ लाख ८० हजार एक रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको क्षति रु. ७ अर्ब ८१ करोड ५० लाख १५ हजार ६ सय ३५ रहेको छ। त्यसैगरी, कोसी प्रदेशको क्षति रु. ७६ अर्ब ४७ करोड ९५ लाख १७ हजार ४९२, मधेस प्रदेशको क्षति रु. ६१ करोड २० लाख ९२ हजार ४ सय १३, गण्डकी प्रदेशको क्षति रु. ६१ करोड ३ लाख ९८ हजार ५१७, सुदूरपश्चिम प्रदेशको क्षति रु. ५ अर्ब ३८ करोड ८९ लाख २ हजार १६६ रहेको छ ।

नोट: राष्ट्रिय योजना आयोगबाट मिति २०८२।८।२४ मा प्रकाशित २०८२ भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन र सार्वजनिक संरचनाहरूको पुनर्निर्माण योजनासम्बन्धी प्रतिवेदन, २०८२ अनुसार आन्दोलनबाट भएको समग्र भौतिक क्षति रकम रु. ८४ अर्ब ४५ करोड ७७ लाख रहेको छ। *(स्रोत राष्ट्रिय योजना आयोग)*

# अनावश्यक ग्यासको सिलिन्डर सञ्चय नगर्न आग्रह

काठमाडौँ, २ भदौ। नेपाल आयल निगमले बजारमा खाना पकाउने ग्यासको आपूर्ति सहज बन्दै गएको उल्लेख गर्दै अनावश्यक ग्यास सिलिण्डर सञ्चय नगर्न आग्रह समेत गरेको छ। हाल काठमाडौँ उपत्यकाको औसत मागभन्दा बढी सिलिन्डर आपूर्ति भइरहेको उल्लेख गर्दै निगमले केही दिनमै अवस्था सामान्य हुने उल्लेख समेत बताएको छ ।

“काठमाडौँ उपत्यकामा प्रतिदिन औसत ३५ देखि ३७ हजार सिलिन्डरको माग हो, तर अहिले हामीले औसतमा पाँच हजारदेखि आठ हजार सिलिण्डर बढी आपूर्ति गरिरहेका छौँ”, निगमका निर्देशक विनितमणि उपाध्यायले भन्नुभयो ।

निगमका अनुसार मङ्गलबार भदौ २ गते मात्रै काठमाडौँ उपत्यकाका २२ ग्यास उद्योगले ४७ हजार ३८८ थान सिलिण्डर बिक्री गर्दैछन्। साथै भदौ १ गते काठमाडौँ उपत्यकामा ५२ हजार ५७६ थान सिलिण्डर बिक्री गरिएको छ। जुन दैनिक औसतभन्दा करिब १५ हजारले बढी हो। निगमले पछिल्लो एक साता अर्थात् साउन २७ गतेदेखि भदौ २ गते साँझसम्म तीन लाख नौ हजार ५५३ वटा सिलिण्डर बिक्री भइरहेको जनाएको छ। यो औसतमा दैनिक ४४ हजारभन्दा बढी हो ।

उद्योगी व्यवसायीका अनुसार अहिले आपूर्तिका कारण ग्यासको समस्या भएको होइन। गत फागुनमा बाह्य कारणले ग्यास आयातमा कमी आएपछि सरकारले समस्या समाधानका लागि आधा भरिएको सिलिण्डर बिक्री सुरु गरेको थियो। त्यसको असर अहिले देखिएको मात्रै हो। तर यो लामो समयसम्म जाँदैन ।

एलपी ग्यास उद्योग सङ्घ नेपालका अध्यक्ष कृष्णभक्त श्रेष्ठका अनुसार सोमबारदेखि डिलरमार्फत नै ग्यास बिक्री गर्न थालेपछि धेरै सहज भएको बताउनुभयो। उहाँका अनुसार अबको एक सातामा सबै समस्या समाधान हुने देखिएको छ ।

**साउनमा ४० लाखभन्दा बढी सिलिण्डर बिक्री**

निगमका अनुसार सामान्य अवस्थामा मुलुकभर दैनिक एक लाख १० हजारको हाराहारीमा सिलिण्डर बिक्री हुन्छ। तर चालु आर्थिक वर्षको साउनमा मात्रै ५७ हजार ३१६ मेट्रिक टन एलपी ग्यासअर्थात् ४० लाख ३६ हजार ३६४ थान सिलिण्डर बिक्री भएको छ ।

जुन अघिल्लो गत २०८२/८३ को साउनको तुलनामा करिब २९.३ प्रतिशत बढी हो। गत आवको ४४ हजार ३१८ मेट्रिक टन एलपी ग्यास अर्थात् ३१ लाख २० हजार ९८६ थान सिलिण्डर बिक्री भएको थियो। त्यसैगरी अघिल्लो आव २०८१/८२ को साउनमा ४५ हजार ७३५ मेट्रिक टन अर्थात् ३२ लाख २० हजार ७७५ थान सिलिण्डर बिक्री भएको थियो ।

**चैतदेखि असारसम्मको बिक्री**

निगमका अनुसार गत चैतमा ३८ हजार ८०० मेट्रिक टन ग्यास आयात भएको थियो। जसमा विभिन्न उद्योगबाट ५४ लाख ६४ हजार ७८९ थान आधा भरिएका सिलिण्डर बिक्री भएका थिए। जबकी २०८१ साल चैतमा ४८ हजार ३२७ मेट्रिकटन ग्यास आयात हुँदा ३४ लाख तीन हजार ३१० पूरा भरिएका सिलिण्डर बिक्री भएका थिए ।

त्यसैगरी गत वैशाखमा ३२ हजार ५६ मेट्रिक टन आयात भएको थियो भने गत वर्षको वैशाखमा ४६ हजार ५०३ मेट्रिक टन ग्यास आयात भएको थियो। साथै यस वर्षको जेठमा ३३ हजार ८४२ मेट्रिक टन र गत वर्षको जेठमा ४९ हजार ८१६ मेट्रिक टन ग्यास आयात भएको थियो। साथै यस वर्षको असारमा ४४ हजार ५४४ मेट्रिक थान ग्यास आयात हुँदा गत वर्षको असारमा ४७ हजार ९३३ मेट्रिक टन थान ग्यास आयात भएको थियो। ***(रासस)***

# मृत्यु भएका मतदाताको विवरण अद्यावधिक गर्न आयोगको आग्रह

काठमाडौँ, २ भदौ। मृत्यु भएका मतदाताको विवरण अद्यावधिक गर्न सम्बन्धित परिवारका सदस्य र सरोकारवालालाई आग्रह गरिएको छ ।

निर्वाचन आयोगका सहसचिव नारायणप्रसाद भट्टराईले प्रेस विज्ञप्ति जारी गर्दै उक्त आग्रह गर्नुभएको हो। आयोगले बेला बेलामा मतदाता नामावलीलाई शुद्ध, अद्यावधिक, विश्वसनीय तथा वस्तुगत बनाउन नियमितरूपमा मतदाता नामावली अद्यावधिकको कार्य गर्दै आइरहेको छ ।

मतदाताको मृत्युपछि एकाघर परिवारका सदस्य वा अन्य कुनै व्यक्तिले मृत्युदर्ता प्रमाणपत्रसहित सम्बन्धित निर्वाचन कार्यालयमा यथाशीघ्र सूचना दिई मतदाता नामावली अद्यावधिक गर्न सकिने व्यवस्था छ। मतदाता नामावलीलाई अद्यावधिक गर्नु निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनीयताको आधार हो। विज्ञप्तिमा भनिएको छ। गत फागुन २१ गतेको निर्वाचनपछि गत चैत २२ गतेबाट मतदाता नामावली सङ्कलन तथ अद्यावधिक कार्य सञ्चालन हुँदै आएको छ ।

राष्ट्रिय परिचयपत्र भएकाले सोको आधारमा मतदाता नामावलीमा अनलाइन प्रणालीमार्फत नाम दर्ता गर्न सक्ने प्रावधान छ। राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध नभएका नेपाली नागरिकले आयोगको ‘प्रि-इन्रोलमेन्ट’ प्रणालीमार्फत अनलाइन फारम भरी आफ्नो फोटो तथा औँठाछापसहितको जैविक विवरण दिन सम्बन्धित प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा स्वयं भौतिक रूपमा उपस्थित हुनुपर्छ ।

***बन्द...***

दूरदर्शी भएनन्; उनीहरूमा व्यापक दृष्टिकोण भएन भने सरकारले गर्ने निर्णय र बनाउने नीति कच्चा हुन्छ; त्यो देश र जनताको हितमा हुनेछैन। राज्यले विदेश र विदेशीको हितमा होइन नेपाल र नेपालीको पक्ष या सेवामा ऐन कानुन बनाउनुपर्छ। बनाइएको ऐन कानुन लागू गर्नुपर्छ। सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, राष्ट्रपति भवन जलाउनेमा प्रत्यक्ष संलग्न नै नभए पनि उत्साहित गर्ने, टेवा पुऱ्याउनेमा हाल सरकारको नेतृत्व गर्ने युवा नेताहरूको हात रहेको कुरामा जेनजी आन्दोलनको नेतृत्व गर्ने युवा नेताहरू नै दुखेसो पोख्छन्। आखिर जुन दलको नेतृत्वमा सरकार गठन भए पनि तोडफोड र आगजनी गरिएको सम्पत्तिको जीर्णोद्धार, मर्मत सम्भार र पुनः निर्माण गर्नैपर्छ। के हाम्रो काम बिगार्ने, तोडफोड गर्ने, जलाउने अनि त्यसलाई मर्मत, जीर्णोद्धार र पुनः निर्माण गरेर देशको सम्पत्ति सिध्याउने हो ? यसरी तोडफोड र आगजनी गरेर देश विकास हुन्छ ?

# विद्यालयस्तरीय खुला व्यङ्ग्यात्मक कार्टुन प्रतियोगिता भदौ ५ मा

भक्तपुर, २ भदौ। नेपाल क्रान्तिकारी युवा सङ्घ, भक्तपुर नगर समितिको आयोजनामा गाईजात्रा (सापारु २०८३) को अवसरमा यही भदौ ५ गते भक्तपुर दरबार स्क्वायर क्षेत्रमा विद्यालयस्तरीय भक्तपुर जिल्लाव्यापी खुला व्यङ्ग्यात्मक कार्टुन प्रतियोगिता हुँदै छ ।

प्रतियोगितामा विद्यार्थीहरूले समसामयिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक, शैक्षिक तथा सामाजिक विकृति विसङ्गतिप्रति व्यङ्ग्य गर्न सकिने आयोजकले जनाएको छ ।

कक्षा १ देखि ८ सम्मको आधारभूत तह तथा कक्षा ९ देखि १२ सम्मको मावि तहका विद्यार्थीहरूबिच शुक्रबार बिहान १०:३० बजेदेखि १२:३० बजेसम्म हुने कार्टुन प्रतियोगिताको दिन नै पुरस्कार वितरणसमेत हुनेछ ।

प्रतियोगितामा सहभागिताको लागि भक्तपुर जिल्लाभरका विभिन्न विद्यालयहरूले समयमै नाम दर्ता गर्न सकिनेछ ।

***देशको...***

परेको अवस्था छ। क्षयरोगी १३ प्रतिशत गरिबी रेखामुनि धकेलिनुको जिम्मेवार प्रधानमन्त्रीहरू हुनुपर्दैन ? विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् २०२४ मा करिब ६७ हजार नेपाली क्षयरोगी भए। यसमध्ये ३८ हजारमात्र उपचारमा पुगेको सार्वजनिक भयो। नेपालमा क्षयरोगको उपचार सुरु भएको ९३ वर्ष भयो। नेपाल सरकारले ‘क्षयरोग अन्त्य गरौँ’ लक्ष्य सन् २०३५ सम्म पूरा गर्न सक्लाजस्तो छैन ।

- नेका, एमाले, तत्कालीन माओवादी, मधेस आधारित दल र राप्रपासमेत दलहरू मधेस प्रदेश सरकार गठनका मुख्य हुन्। यसअघि नेका-एमालेको समीकरणमा गठन भएका प्रदेश सरकारहरू अब एक महिनायता एमाले, तत्कालीन माओवादी तथा राष्ट्रिय जनमोर्चाको गठबन्धनमा बन्दै छन्। साढे तीन वर्षमा वाग्मती प्रदेशमा चौथो मुख्य मन्त्रीको खोजी भइरहेको छ। अन्य प्रदेशको अवस्था पनि उस्तै छ। शासक दलहरू सङ्घमा जस्तै प्रदेशमा पनि पालैपालो मुख्यमन्त्री भइरहेका छन्, देश र जनताका समस्या पन्छाएर। यसैकारण गत भदौ २३ र २४ गते ध्वंस गर्नेहरूलाई मौका मिलेको किन होइन ?
- अबको ६-७ महिनापछि स्थानीय तहको चुनावको तयारी सुरु हुनेछ। यतिबेला रास्वपाले ‘क्यान्डिडेट क्लव’ घोषणा गरेर स्थानीय तहका उम्मेदवार हुन इच्छुकहरूको नाम सङ्कलन गर्दै छ। राजनीति दल एउटा दर्शन र वर्ग आधारमा गठन र सञ्चालन हुने हुँदा यसलाई ‘क्लव’ सँग दाँज्न मिल्दैन। तर, रास्वपाले दर्शन र वर्ग आधारभन्दा ‘क्लव’ मा सदस्य बनाएर स्थानीय तहको उम्मेदवार चयनमा लाग्नु आश्चर्य नै हो। के रास्वपाको कुनै दर्शन र वर्ग आधार छैन ?


**हार्दिक समवेदना**

**जन्म**
**२०१५/०९/०४**



**स्वर्गारोहण**
**२०८३/०४/२७**

यस कोलाछैं एकाइ समितिका सदस्य पार्वती गोराका पति तथा हाम्रा हितैषी मित्रहरू रामराजा गोरा, राजकुमार गोरा र तीर्थराम गोराका पूजनीय पिता **राजाराम गोरा**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौँ ।

**ने.म.कि.पा. ३ नं. वडा एकाइ समिति**
भ.न.पा.-३



**विश्वकर्मा बचत तथा ऋण सहकारी संस्था लि.**
भक्तपुर न.पा.-८, च्याम्हासिंह, फोन नं.: ०१-६६२०६५४

**कर्मचारी आवश्यकतासम्बन्धी सूचना**

यस संस्थाको लागि **बजार प्रतिनिधि** एकजना आवश्यक भएकोले इच्छुक नेपाली नागरिकहरूले लिखित आवेदनका साथ शैक्षिक योग्यता र कुनै कार्य अनुभव तथा तालिम प्राप्त भए प्रमाणपत्रको प्रतिलिपिसहित संस्थामा सम्पर्क गर्न हुन सूचित गरिन्छ ।

१. **योग्यता :** SEE उत्तीर्ण, उमेर २२ वर्ष पूरा भई ४५ वर्ष ननाघेको
२. **पारिश्रमिक :** संस्थाको नियमानुसार
३. **आवेदन शुल्क :** रु. १००।-
४. **नाम दर्ता मिति :** २०८३ भदौ २१ गते, आइतबारसम्म
५. **संस्थामा सम्पर्क गर्ने :** बिहान ७ बजेदेखि ३ बजेसम्म



**साक्षर समाज-सक्षम राष्ट्र**

अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ,
साक्षरता भनेको केवल पढ्न लेख्न जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो।

शिक्षा:

❖ आत्मनिर्भर बन्नका लागि,
❖ रोजगारी र अवसरको लागि,
❖ लैंगिक, जातीय र क्षेत्रीय समानताका लागि,
❖ धार्मिक सहिष्णुता र सम्मानको लागि,
❖ अधिकार र कर्तव्य बोधका लागि,
❖ स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
❖ आर्थिक सशक्तिकरणका लागि,
❖ सामाजिक विकास र समृद्ध राष्ट्रको लागि।

नेपाल सरकार
विज्ञापन बोर्ड


***प्यालेस्टिनी...***

संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) को टोलीले प्रभावित परिवारलाई पानी, खाद्यान्न, औषधि र सरसफाइका सामग्री उपलब्ध गराउनुका साथै बालबालिकाका लागि मनोरञ्जनात्मक सामग्रीसमेत वितरण गरेको डुजारिकले बताउनुभयो ।

संयुक्त राष्ट्रसङ्घीय मानवीय मामिला समन्वय कार्यालय (ओसिएइचए) का अनुसार कुसरा गाउँमा तीन प्यालेस्टिनी परिवार इजरायली सेना तथा बस्तीका बासिन्दाको ठुलो उपस्थितिबाट घेरिएको अवस्थामा रहेको डुजारिकले जानकारी दिनुभयो ।

गाजापट्टीमा पनि नागरिकको अवस्था गम्भीर बन्दै गएको राष्ट्रसङ्घले जनाएको छ। त्यहाँ निरन्तर भइरहेको हवाई आक्रमण, गोलाबारी तथा गोली हानाहानका कारण नागरिक हताहत भएको विवरणप्रति राष्ट्रसङ्घले चिन्ता व्यक्त गरेको छ ।

वर्षायाम नजिकिँदै गर्दा गाजामा आश्रय सामग्रीको अभाव थप गम्भीर बन्न सक्ने चेतावनीसमेत दिइएको छ। राष्ट्रसङ्घ र उसका साझेदारहरूले करिब ३० हजारभन्दा कम पालको व्यवस्था गर्न सकेका छन्। यद्यपि, आवश्यक पालको सङ्ख्या ८० हजारदेखि एक लाख ३० हजारसम्म अनुमान गरिएको छ ।

गाजा र वेस्ट बैङ्कमा मानवीय सहायता उपलब्ध गराउन यस वर्ष आवश्यक पर्ने अनुमानित चार अर्ब अमेरिकी डलरमध्ये ४० प्रतिशतभन्दा कम रकम मात्र हालसम्म जुटेको डुजारिकले पुष्टि गर्नुभयो। आवश्यक रकमको अभावले द्वन्द्वबाट प्रभावित नागरिकलाई खाद्यान्न, स्वास्थ्य, आश्रय र अन्य अत्यावश्यक सेवा उपलब्ध गराउने प्रयासमा थप चुनौती उत्पन्न भएको राष्ट्रसङ्घले जनाएको छ ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा